कैफियत: पहिलो मध्यस्थको बहुमतको आंसिक सैद्धान्तिक निर्णय आएपछि लामो समय करिब ३ वर्ष सम्म मध्यस्थताको काम कारवाही अगाडी बढ्न नसकेको कुरा यस विवादको घट्नाक्रमले देखाउँछ। मध्यस्थताको सिद्धान्तको रुपमा रहेको छिटो छरिटो विवाद निरुपण गर्ने भन्ने मानक यस विवादमा पहिलो बहुमतको सैद्धान्तिक निर्णय आएपछि एकजना मध्यस्थको स्थान रिक्त भएको कारण ३-३ वर्षसम्म मध्यस्थको प्रकृया यथास्थितिमा रोकिने कुराले मध्यस्थमा (ले) जे गरे पनि हुन्छ भन्ने कुरा स्थापित हुने जोखिम देखिन्छ। एक जना मध्यस्थको पद खाली भएपछि सो पदको पुनर्नियुक्ती जे जसरी पहिले भएको छ सोही अनुरु गर्न पर्छ भन्ने कानुनी व्यवस्था रहेको भएतापनि निज नियुक्ती हुनु भएको मूख्य मध्यस्थको हकमा के हुन्छ, निज नियुक्त हुनु अघि भएको काम- कारवाही, पक्षहरुले बुझाएको दाबीपत्र, प्रतिवाद पत्र र प्रत्युक्ती र सुनुवाई भई भएको बहुमतको सैद्धान्तिक निर्णय के हुन्छ भन्ने बारेमा स्पष्ट भई सो कुराको सम्बोधन गरेर मात्र मध्यस्थ न्यायधिकरण र विवादका पक्षहरु अगाडी बढ्नु पर्ने हुन्छ। यसले कार्यविधिगत रुपमा मध्यस्थको काम कारवाहीलाई विश्वस्निय, पारदर्शी र निष्पक्ष बनाउन मद्दत गर्दछ।

१९.	वि.सं. २०६८ चैत्र १४ (सन् २०१२, मार्च २७)	पहिले गठन भएको मध्यस्थ ट्राइबुनलका सदस्य मध्ये विश्वनाथ उपाध्याय (पुर्व प्रधानन्यायधिश) को स्थान खाली हुन आइ निम्नानुसारको मध्यस्थहरु ट्राइबुनल गठन भएको मुख्य मध्यस्थः जोर्डन एल्. ज्यन्स् (पहिलेकै निरन्तरता) मध्यस्थः तोसीहिको ओमोटो (पहिलेकै निरन्तरता र दाबीकर्ताको तर्फबाट नियुक्त) मध्यस्थः सूर्यनाथ उपाध्याय (विश्वनाथ उपाध्यायको स्थानमा नियुक्त हुनुभएको, प्रतिवादकर्ताको तर्फबाट रिक्त स्थानमा नियुक्त) र उक्त ट्राइबुनलले दाबीकर्ता निर्माण-व्यवसायीको दाबीहरु मध्ये दाबी नं. १४ र १६ को दाबी अनुसार भुक्तानी पाउने भनी सैद्धान्तिक रुपमा दोस्रो आंसिक निर्णय आएको।
२०.	वि.सं. २०६९, फाल्गुन ४ (सन् २०१३, फेब्रुवरी १५)	वि.सं. २०६८, चैत्र १४ (सन् २०१२, मार्च २७) भएको दोस्रो आंशिक सैद्धान्तिक निर्णयानुसार परिमाणात्मक रुपमा गणना गरी पूरक निर्णय दिइएको। दोस्रो आंसिक निर्णयानुसार विवादका पक्षहरुलाई वार्ता मार्फत् विवाद समाधान गर्नको लागि वार्ताको अवसर पनि प्रदान गर्दै पछिल्लो पटक दाबी नं. १४ र १६ मा partial award प्रदान गरी सांवा रकम र निर्णय गर्दाको दिनसम्मको हुन आउने व्याज तथा tribunal को पारिश्रमिकसमेत (नेपाली मुद्राको हकमा १० प्रतिशतका दरले र अमेरिकी डलरको हकमा सरदर (London Inter- Bank On-Lending Rate (LIBOR) २% को दरले व्याज लगाई) हिसाब गरी US $ तर्फ ३१,३७,३२९.०० (एकतीस लाख सैतीस हजार तीन सय उनान्तीस डलर) र नेपाली मुद्रा तर्फ रु. १५,२४,७५,७६५.०० (पन्ध्र करोड चौवीस लाख पचहत्तर हजार सात सय पैंसट्ठी रुपैयाँ) निर्माण-व्यवसायी कम्पनीलाई नियोक्ताले तिर्नुपर्ने भनी रकम निर्धारण गरिदिएको।

कैफियत: पटक पटक गरी दाबी गरिएका १७ वटा दाबी मध्ये दाबी नं. १४ र दाबी नं. १६ को हकमा सैद्धान्तिक र आंशिक निर्णय प्रदान भएको, मध्यस्थता ऐनको दफा २१ को उप-दफा १) को छ) मा मध्यस्थको अधिकार भित्र मध्यस्थले प्रारम्भिक आदेश दिन सक्ने र कुनै पक्षको अनुरोधमा अन्तरिम र अन्तरकालिन आदेश दिन सकिने व्यवस्था भएको भएतापनि स्पष्ट रुपमा आंशिक निर्णय (अवार्ड) सम्बन्धमा केही नबोलेको र यस अवस्था सो निर्णयका सम्बन्धमा चित्त नभुझने पक्ष सोही दफा को उप-दफा २) को आधारमा उच्च अदालतमा जान सक्ने कि दफा ३० को उपदफा २ अनुसार उच्च अदालतमा जाने भन्ने कुरामा आज परयन्त अन्यौल रहि रहेको छ। सोही आंशिक निर्णय अवार्डमा बांकी दाबीहरुका सम्बन्धमा पक्षहरुले मेलमिलाप गर्न सक्ने भनी मध्यस्थता न्यायधिकरणले अनावश्यक रुपमा आफुले निर्णय दिनुपर्ने विषयमा मेलमिलापको प्रयास गर्ने भनी उल्लेख हुनुले मध्यस्थहरु जिम्मेवार भएको नदेखिएको।

२१.	वि.सं. २०७० जेष्ठ १२	मध्यस्थता ट्राईब्यूनलको वि.सं. २०६८ चैत्र १४ को भुक्तानी पाउने भनी सैद्धान्तिक रुपमा आएको दोस्रो आंसिक निर्णय र सोही आधारमा वि.सं. २०७० जेष्ठ १२ गतेको परिमाणात्मक रुपमा गणना गरी दिइएको पूरक निर्णय कार्यान्वयन गरी पाउँ भनी निर्माण-व्यवसायी कम्पनिको श्री काठमाडौं जिल्ला अदालतमा निवेदन दर्ता भएको।
२२.	वि.सं. २०७० जेठ १२	सुनसरी मोरङ्ग सिचोई विकास समितिको नाउँमा रकम दाखिल गर्न ल्याउनु भनी श्री काठमाडौं जिल्ला अदालतबाट ३५ दिने म्याद जारी भएको।
२३.	वि.सं. २०७० असार १२	का.जि.अ. बाट विगो दाखिल गर्ने सम्बन्धमा नेपाल सरकार सिंचाई मन्त्रालय र सिंचाई विभागका नाउँमा पत्र लेखिएको।
२४.	वि.सं. २०७० श्रावण १५	सुनसरी मोरङ्ग सिचोई विकास समितिको नाउँमा रकम दाखिल गर्न ल्याउनु भनी का.जि.अ. बाट जारी गरिएको ३५ दिने म्याद म्याद तामेल भएको।
२५.	वि.सं. २०७० असार १८	नेपाल सरकार सिंचाई मन्त्रालयको का.जि.अ. लाई लेखेको पत्र। *"का.जि.अ. बाट विगो दाखिल गर्ने पत्र सम्बन्धमा सुनसरी मोरंग सिंचाइ आयोजना III (Phase-I) कार्यान्वयन गर्ने क्रममा भएको ठेक्का सम्झौताबाट उत्पन्न विवाद UNCITRAL Rules बमोजिम गठन भएको अन्तर्राष्ट्रिय मध्यस्थ समक्ष विचाराधिन अवस्थामा नै रहेको छ।* *सो विवादका विभिन्न १७ वटा दाविहरु मध्ये पछिल्लो अवस्थामा अन्तर्राष्टिय मध्यस्थबाट दावि नं. १४ र १६ का सम्बन्धमा आंशिक निर्णय (Award) निर्णय आएको कुरा विवादको पक्ष Sinohydro Corporation, China का तर्फबाट फैसला कार्यान्वयनका लागि तहां पेश गर्न भएको निवेदनका साथ संलग्न Award को छांयाप्रतिबाट अवगत भएकै होला।* *सो (Award) ले वार्ता मार्फत समस्या समाधान गर्न अवसर समेत प्रदान गरेको छ। सो अवसरलाई सदुपयोग गर्न यस मन्त्रालयले विवादको पक्षलाई संलग्न पत्रको छांयाप्रति बमोजिमको जानकारी गराइ सकिएको छ भने अर्को तर्फ वार्ता मार्फत विवाद समाधान गर्ने प्रयोजनार्थ अर्थ मन्त्रालयको सहमती प्राप्त गर्नु अत्यावश्यक भई सहमतीको लागि अर्थ मन्त्रालयमा अनुरोध भई गएको ब्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध छ।"*

२६.	वि.सं. २०७०, कार्तिक २५	निर्माण-व्यवसायी कम्पनिले नियोक्ताको बैंक खाता रोक्का राखि पाउ भनी निवेदन दर्ता
२७.	वि.सं. २०७०माघ २२	निर्माण-व्यवसायी कम्पनिले नियोक्ताको बैंक खाता रोक्का राखि पाउ भनी पुनः निवेदन दर्ता।
२८.	वि.सं. २०७० चैत्र ७	मध्यस्थको निर्णय कार्यान्वयन सम्बन्धमा फैसला कार्यान्वयन अधिकारीको आदेश।
२९.	वि.सं. २०७० चैत्र ९	का.जि.अ. ले रकम पठाई दिने भनी सुनसरी मोरङ्ग सिंचोई विकास समितिलाई लेखेको पत्र।
३०.	वि.सं. २०७१, बैशाख २९	का.जि.अ. ले रकम पठाई दिने भनी सुनसरी मोरङ्ग सिंचोई विकास समितिलाई पत्र लेखि सोको वोधार्थ नेपाल सरकार सिंचाई मन्त्रालय र सिंचाई विभाग लाई दिएको।
३१.	वि.सं. २०७१, जेठ ९	निवेदनमा उल्लेखित खाताहरु विपक्षी सुनसरी मोरङ्ग सिंचोई विकास समितिको नेपाल राष्ट्र बैंकमा रहेका छन् छैनन? सोको जवाफ प्राप्त भएपछि विपक्षीलाई पेशीको जानकारी दिई पेश गर्नु भन्ने का.जि.अ. को आदेश।
३२.	वि.सं. २०७१, जेठ १२	का.जि.अ. ले नेपाल राष्ट्र बैंक थापाथलीलाई खुलाई पठाई दिने भनी पत्र लेखेको।
३३.	वि.सं. २०७१ जेठ १३	नेपाल राष्ट्र बैंक थापाथलीलाई खुलाई पठाइ दिने भनी पत्र लेखेको।
३४.	वि.सं. २०७१, असार १२	का.जि.अ. ले नेपाल राष्ट्र बैंक थापाथलीलाई खुलाई पठाई दिने भनी लेखेको पत्र।
३५.	वि.सं. २०७१ असार २६	का.जि.अ. ले नेपाल राष्ट्र बैंक बिराटनगरलाई खुलाई पठाई दिने भनी पत्र लेखी मोरङ्ग सिंचोई विकास समितिलाई वोधार्थ पत्र दिएको।
३६.	वि.सं. २०७१ असार ३०	नेपाल राष्ट्र बैंक बिराटनगरले का.जि.अ. लाई पत्र लेखेको।
३७.	वि.सं. २०७१, श्रावण ७	का.जि.अ. ले खुलाई पठाई दिने भनी सुनसरी मोरङ्ग सिंचोई विकास समितिलाई पत्र लेखेको।
३८.	वि.सं. २०७१, श्रावण २०	नेपाल राष्ट्र बैंक बिराटनगरले का.जि.अ. लाई पत्र लेखेको।
३९.	वि.सं. २०७१, श्रावण २१	का.जि.अ. ले खुलाई पठाई दिने भनी सुनसरी मोरङ्ग सिंचाई विकास समितिलाई पत्र लेखेको।
४०.	वि.सं. २०७१, श्रावण ३०	का.जि.अ. ले सुनसरी मोरङ्ग सिंचोई विकास समितिलाई पेशीको सूचना दिएको।
४१.	वि.सं. २०७१, भाद्र ६	निवेदन मागदाबी बमोजिम बैंक खाता रोक्का राख्न मिलेन भन्ने का.जि.अ. को आदेश।
४२.	वि.सं. २०७१, असोज २२	का.जि.अ. मा नेपाल सरकार अर्थ मन्त्रालयबाट रकम मगाई बिगो असुल उपर गरी पाउ भनी निर्माण-व्यवसायी कम्पनिले निवेदन दिएको।
४३.	वि.सं. २०७१, असोज २२	का.जि.अ. को आदेश।
४४.	वि.सं. २०७१, असोज २६	का.जि.अ. ले कोष तथा लेखा नियन्त्रण कार्यालय बिराटनगरलाई खुलाई पठाई दिने भनी पत्र लेखेको।
४५.	वि.सं. २०७१, असोज २९	कोष तथा लेखा नियन्त्रण कार्यालय बिराटनगरले खुलाई पठाएको भनी का.जि.अ. लाई पत्र लेखेको।

४६.	वि.सं. २०७१, पौष २१	निर्माण-व्यवसायी कम्पनिले का.जि.अ. मा निवेदन दिएको ।
४७.	वि.सं. २०७१, माघ २	का.जि.अ. को आदेश ।
४८.	वि.सं. २०७१।१०।८ वि.सं. २०७१।१०।२१ वि.सं. २०७१।११।२८ वि.सं. २०७२।०१।	का.जि.अ. ले सचिव, सिचाई मन्त्रालय समेतलाई विपक्षी बनाई पत्र लेखेको ।
कैफियत: मध्यस्थता न्यायधिकरणले दिएको आंशिक निर्णय कार्यान्वयन गर्न दाबी जितेको पक्षले ऐनले दिएको मार्ग प्रशस्त गरेको भएतापनि नियोक्ताको पक्षपोषण गरेको देखिन्छ । मध्यस्थता को एउटा गुण छिटो छरितो निर्णय दिने भएतापनि निर्णय कार्यान्वयनको लागि दिएको निवेदन अनुसारको कार्य तत्काल नहुंदा ढिला न्याय दिनु भनेको न्याय नदिनु सरहको भन्ने युक्तिको चरितार्थ प्रस्तुत मुद्दामा भएको सहजै अनुमान लगाउन सकिन्छ ।		
४९.	वि.सं. २०७२, बैशाख ३	निर्माण-व्यवसायी कम्पनिले श्री काठमाडौं जिल्ला अदालतमा सिंचाइ मन्त्रालय, सिंचाइ विभाग समेतलाई विपक्षी बनाइ अदालतको अवहेलना मुद्दामा निवेदन दर्ता भएको ।
कैफियत: मध्यस्थताबाट दिएको निर्णय कार्यान्वयन गरी दिने बाध्य रहेको एउटा पक्ष उदासिन रहने र अर्को पक्षले अदालतको अवहेलना सम्म पुग्नु पर्ने बाध्यात्मक परिस्थितिले हामीले अङ्गिकार गरेको मध्यस्थताको अभ्यासको असली चरित्रलाई उजागर गर्ने काम गरेको छ । मध्यस्थलाई विश्वस्नीय बनाउन कम्तिमा मध्यस्थ न्यायधिकरणबाट भएको निर्णय कार्यान्वयनको सुनिश्चितता हुनुपर्छ । विवादलाई मान्ने, त्यो विवाद समाधान गर्न मध्यस्थताको प्रकृया अवलम्बन गर्ने, आ-आफ्नो तर्फबाट मध्यस्थ नियुक्त गर्ने दाबी-प्रतिदाबी र प्रतिवाद गर्ने तर मध्यस्थको निर्णय कार्यान्वयनमा उदासिन रहने विरोधाभाषपुर्ण रहेको छ ।		
५०.	वि.सं. २०७२, बैशाख २९ वि.सं. २०७२, जेठ १८	क्रमश: सिंचाइ विभाग र सिंचाइ मन्त्रालयको तर्फबाट आफ्नोसमेत हकमा महानिर्देशक र सचिवबाट निर्माण-व्यवसायी कम्पनिले का.जि. मा हालेको अदालतको अवहेलना मुद्दामा लिखित जवाफ फर्काएको । "निवेदक सिनो हाइड्रो र सुनसरी मोरङ् सिंचाइ विकास समिति बीच सुनसरी मोरङ्ग सिंचाई योजना (तेस्रो चरण) का निर्माण कार्य ठे नं. SMIP III- ICB 1/98 को कार्यान्वयनको विषयलाई लिएर उत्पन्न जम्मा १७ वटा विषयका विवाद निरुपणका लागि UNCITRAL ARBITRATION RULES अन्तर्गत मध्यस्थतामा कारवाही भैरहेकोमा १७ वटा विषय मध्ये २ वटा विषयका मात्र मध्यस्थताबाट निर्णय भएको अवस्था र बाँकी १५ वटा विषयको हकमा TRIBUNAL बाट समेत Negotiation गरी मिलाउने भन्ने आशय तथा नेपाल सरकार र सुनसरी मोरङ सिंचाइ विकास समिति समेतले १७ वटै दावीलाई एकमुष्ट वार्ताबाट समाधान गर्दा उपयुक्त हुने देखि समग्रतामा निकास निकाल्ने उद्देश्यले यस विषयलाई गम्भिरतापूर्वक लिई Negotiation बाट समस्यालाई एकमुष्ट रुपमा समाधान गर्ने गरी कारबाहीको प्रकृया सुरु गरेको व्यहोरा सम्मानित अदालत समक्ष सादर अनुरोध छ । यसै विषयलाई कार्यान्वयन तहमा लैजाने प्रयोजनको लागि तत्कालिन सिचाइ मन्त्री उमाकान्त झाको कार्यकालमा मिति २०७०।०५।०२ मा मन्त्रीस्तरीय निर्णय गरी वार्ता टोलि गठन गर्न प्रस्ताव सहितको उपयुक्त निकास दिनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा मिति २०७०/०५/०४ मा प्रस्ताव पठाईएकोमा सो प्रस्ताव उपर हालसम्म पनि निणय भएका जानकारी प्राप्त नभएको ।
माथि उल्लेखित प्रस्तुत मध्यस्थमा सुम्पिएको विवादको घट्नाक्रमहरुको विकासक्रम हुँदै गर्दा मध्यस्थको अन्तिम निर्णय नआई एक मध्यस्थ ट्राइबुनलको आंसिक निर्णय कार्यान्वयन गर्ने, गर्दा के कसरी गर्ने र दुई मध्यस्थ ट्राइबुनलको आंसिक निर्णय कार्यान्वयन नगरेको अवस्थामा अदालतको अवहेलना हुने नहुने भन्ने दुई वटा बिषय काठमाडौं जिल्ला अदालतमा विचाराधिन रहिरहेको अवस्थामा सम्झौताका दुबै पक्षहरु बीच कायम रहेको विवादबारे दुबै पक्षबीच निरन्तर छलफल, वार्ता तथा पत्राचार समेत भईरहेको थियो ।		
५१.	वि.सं. २०७७, साउन १६ (सन् २०२०, जुलाई ३१)	तीन सदस्यीय मध्यस्थता ट्राइबुनल मध्ये मुख्य मध्यस्थ जोर्डन एल्. ज्यन्स् र मध्यस्थ तोसीहिको ओमोटो बाट अन्तिम निर्णय (Final Award) प्रदान गरिएको । **मध्यस्थको ट्राइबुनलको बहुमतको अन्तिम निर्णय (Final Award)** *दोस्रो आंशिक अवार्ड को अनुच्छेद ४९ मा उल्लेख गरिए अनुसार, यस मध्यस्थताका पक्षहरुलाई उनीहरुको बाँकी सबै दाबीहरुलाई आपसी रुपमा समाधान गर्न प्रोत्साहित गर्ने प्रयासमा अनिश्चित कालको लागि खुला रहेको थियो । यस अन्तिम अवार्ड हुनु पूर्व, दाबीकर्ता तथा प्रतिवादकर्ता मध्ये कुनैपनि पक्षले एक अर्का बिरुद्ध थप दाबिहरु पेश गरेकामा अब यस ट्राइबुनलबाट कुनैपनि थप दाबीहरु स्वीकार गरिने छैन ।* *दोस्रो आंशिक अवार्डको अनुच्छेद ४८ बमोजिम, दोस्रो आंशिक अवार्डको पूरकले दावीकर्तालाई उसको दावी १४ र १६ को सम्बन्धमा प्रतिवादकर्ताले दाबीकर्तालाई बुझाउनु पर्ने कूल रकमको योग भुक्तानी सम्बन्धमा निर्णय प्रदान गरेको थियो । उक्त आंशिक अवार्ड अन्तिम रहेको र जारी भएको मिति देखि बाध्यकारी थियो, त्यस्तै रहने, र शंका निवारण गर्न यस अन्तिम अवार्डको हकमा पुन: निश्चित गरिएको छ ।* *यसका साथै, दोस्रो आंशिक अवार्डको पूरकको अनुच्छेद ९ मा दोस्रो आंशिक अवार्डको पूरक जारी गर्नु पूर्व मध्यस्थताको खर्चमा थप पेश्कीको अपेक्षा गरेको र उक्त पेश्की प्राप्त गरेको, उक्त मध्यस्थताको पूर्ण खर्च दावीकर्ताले*

		मात्र व्यहोरेको तथा प्रतिवादकर्ताको तर्फबाट ट्राइबुनलले माग गरेको पेश्कीको कुनैपनि रकम बुझाउन असमर्थ रहेको छ । दोस्रो आंशिक अवार्डको पूरक पक्षहरुलाई विधिपुर्वक हस्तान्तरण गरिएको र तत्कालैबाट अन्तिम र बन्धनकारी भएको थियो । *मध्यस्थताको सुरुवातैदेखि, मध्यस्थताको खर्चको सम्बन्धमा १००% पेश्की रकम नै ट्राइबुलनलाई दाबीकर्ताको तर्फबाट चुक्ता गरिएको छ । आंशिक अवार्डहरूको हकमा कुनै पनि रकम प्रतिवादकर्ताद्वारा दावीकर्तालाई दाखिला गरिएको छैन ।* *यस अन्तिम अवार्डबाट, ट्रिब्यूनलले दाबीकर्तालाई यसै सँग समावेश गरिऐको शारंश र परिशिष्ट १ देखि ६ मा व्यवस्था गरे बमोजिम थप लागत र विस्तृत ब्याज प्रदान गर्ने निर्णय गर्दछ ।* *यो अन्तिम अवार्ड ३१ जुलाई २०२० देखि लागु हुने गरी नेपालको काठमाडौंमा दिइएको हो ।* मध्यस्थको अन्तिम निर्णयबाट दाबीकर्ता पक्षले देहाय बमोजिमको रकम भराई पाउने ठहर भएको थियो । - नेपाली रुपैयाँ रु.३१,०६,८९,८००।५० (अक्षेरेपी एकतिस करोड छ लाख उनानब्बे हजार आठ सय रुपैयाँ पचास पैसा) - अमेरिकी डलर (३९,९०,९०१।०८ (अमेरिकी डलर अक्षेरेपी उनान्चालिस लाख नब्बे हजार नौ सय एक र आठ सेन्ट्स)

कैफियत: यसरी वि.सं.२०६०, कार्तिक ७ (सन् २००३, अक्टोबर २४) गते निर्माण-व्यवसायीले मध्यस्थता सम्बन्धी सूचना दिएसँगै शुरु भएको मध्यस्थताको काम कारवाही तत्पश्चात् पक्षहरुबाट सम्बन्धित मध्यस्थहरु नियुक्त भई मध्यस्थता ट्राइबुनल गठन गरिएसँगै अगाडी बढी वि.सं. २०७७, साउन १६ (सन् २०२०, जुलाई ३१) मा मात्र अन्तिम निर्णय (अवार्ड) आएको कुराले मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्ने कार्य परम्परागत अदालती प्रकृया भन्दा छिटो छरितो हुन्छ भन्ने मान्यता प्रतिकुल रहेको छ । वि.सं. २०६८ चैत्र १४ (सन् २०१२, मार्च २७) गते दोस्रो आंसिक सैद्धान्तिक निर्णय र वि.सं. २०६९, फाल्गुन ४ (सन् २०१३, फेब्रुवरी १५) गते दोस्रो आंसिक सैद्धान्तिक निर्णयानुसार परिमाणात्मक रुपमा गणना गरी पूरक निर्णय दिइएको भएतापनि यँहासम्म तीनै जना मध्यस्थहरुको सहभागितामा र सर्बसम्मत रुपमा निर्णय प्रदान भएको भएतापनि के कति कारणले अन्तिम निर्णयमा २ जना विदेशी मध्यस्थहरुको सहभागितामा बहुमतीय निर्णय आयो भन्ने कुरा विवादको सम्पुर्ण मिसिलको अध्ययनबाट कँही कतै पनि खुल्दैन ।

दाबीकर्ताले दावी नं. १४ र १६ को दाबी मात्र भराउने यस अघिको आंसिक निर्णयमा केवल अन्तिम निर्णय दिने दिन सम्मको व्याजको हिसाब किताब गरी र मध्यस्थता न्यायधिकरणको पारिश्रमिक दाबीकर्ताले नियोक्ताबाट भराई पाउने निर्णय भएको छ । यस निर्णयमा बहुमत मध्यस्थले यसअघि आंसिक निर्णय दिंदा के कति कारणले यस मध्यस्थताका पक्षहरुलाई निर्णय दिन बाँकी सबै दाबीहरुलाई पक्षहरुले आपसी रुपमा समाधान गर्न प्रोत्साहित गर्ने समय दिइएको थियो र त्यो के कति कारणले करिब ८ वर्षसम्म लम्बिएको थियो भन्ने कुरा समेत कँही कतैबाट खुल्दैन । स्वयं अन्तिम निर्णय दिने बहुमत मध्यस्थले बाँकी दाबीहरुका सम्बन्धमा पक्षहरुलाई आपसी रुपमा विवाद समाधान गर्न समयावधि अनिश्चित कालको लागि खुला रहेको थियो भनी स्वीकार गरेको भएतापनि यस पछाडीको कुनै आधार, कारण र कानुनी तथा करारीय प्रावधानमा अन्तरनिहित भई पक्षहरुलाई त्यस्तो दिन मिल्ने भन्ने कुराको भरपर्दो जवाफ तथा विश्लेषण उक्त अन्तिम निर्णयमा परेको देखिंदैन । के आंसिक निर्णय दिएको करिब आठ वर्ष सम्म पनि कुनै मध्यस्थ कायम रहन सक्छ त भन्ने प्रश्नमा यस मध्यस्थता एउटा गलत दृष्टान्तको रुपमा सदा सर्बदा नेपालको मध्यस्थताको क्षेत्रमा बरकरार रहने स्थिति देखियो । अन्तिम निर्णय दिनु अघि पक्षहरुलाई सुनुवाई र बहस पैरबी गर्न नदिई अविश्वस्नीय ढंगबाट केवल २ जना मध्यस्थले आफ्नो मनलाग्दी व्यवहार गर्न पाँउन कुराले यस अवार्डको माध्यमबाट बैधानिकता पाएको देख्न सकिन्छ । यस सम्बन्धमा थप कैफियत जति पनि निकाल्न र विश्लेषण गर्न सकिने भएतापनि एउटा लामो र अन्त्यहिन जस्तो देखिएको मध्यस्थताले निष्कर्ष पाएको कुरालाई सफालता मान्न पर्ने देखिन्छ ।

५२.	वि.सं. २०७७, असोज ०४	वि.सं. २०७७ साउन १६ को अन्तिम निर्णय (Final Award) मन्त्रालयमा दर्ता भई साबिकको सुनसरी मोरङ्ग सिंचाइ विकास समिति मिति २०७५।३।२० को मन्त्रीपरिषद्को वैठकबाट विगठित भई हाल सो को दायित्व सरि गएको सुनसरी मोरङ्ग सिंचाइ आयोजना समक्ष जानकारीमा आइ मध्यस्थको त्रृटिपुर्ण निर्णय जानकारीमा आएको ।
५३.	वि.सं. २०७७, कार्तिक ०४	नियोक्ताको कार्यालय उपरोक्त मध्यस्थता ट्राईबुनलको बहुमतबाट भएको निर्णय, मध्यस्थता ऐन, २०५५ को दफा ३०(१), (२), (३) को पुर्वावस्था भई सो निर्णयमा चित्त नबुझेकाले सोही ऐनको दफा ३०(१) बमोजिम उच्च अदालत पाटनमा बहुमत मध्यस्थको उक्त निर्णय बदर गरि पाँउ भन्ने मिति २०७७।०७।१६ गतेको निवेदन माग दाबी दर्ता ।
५४.	वि.सं. २०७७, मङ्सिर १२	विपक्षी र सक्कल मिसिल झिकाउने गरी उच्च अदालत पाटनको आदेश ।
५५.	वि.सं. २०७७, मङ्सिर १५	निर्माण व्यवसायीले श्री काठमाडौं जिल्ला अदालतमा मध्यस्थको निर्णय कार्यान्वयनको लागी निवेदन दिएकोमा उच्च अदालतमा नियोक्ताले मध्यस्थको निर्णय बदर गर्न माग गरी निवेदन दर्ता भइसकेकाले श्री काठमाडौं जिल्ला अदालतले मिति २०७७।११।२६ गते मध्यस्थताको निर्णय कार्यान्वयनको निवेदन तामेलीमा पठाएको ।
५६.	वि.सं. २०७७, पौष २१	निर्माण-व्यवसायीले नियोक्ताको अवार्ड बदर गर्ने निवेदन उपर निवेदन खारेज गरी न्याय इन्साफ पाउं भन्ने लिखित प्रतिवाद दर्ता ।
५७.	वि.सं. २०७७, चैत्र १८ (ता.३१ मार्च, २०२१)	मध्यस्थको अन्तिम निर्णय बमोजिम निर्माण व्यवसायीले नियोक्ताबाट दैनिक रुपमा पाउने ब्याज बाहेक न्यूनतम पनि नेपाली रुपैयां अठत्तर (७८) करोड पाउनु पर्ने भएता पनि दुवै पक्षको जीत हुने गरी सिंचाई विभागलाई सम्बोधन गरी उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका तत्कालिन सहसचिव श्री रामानन्द प्रसाद यादवको कार्यदलले मिति २०७२

		भाद्र २७ (ता. १३ सेप्टेम्बर २०१५) गतेका दिन दिएको सुझाव प्रतिवेदन अनुसारको जम्मा नेपाली रुपैयाँ ५२,१८,०२,२०३।९७ (अक्षेरेपी बाउन्न करोड अठार लाख दुई हजार दुईसय तीन रुपैयाँ सन्तानब्बे पैसा) मात्र भुक्तानी पाए मध्यस्थको मिति २०७७ श्रावण १६ (ता. ३१ जुलाई २०२०) गतेको अन्तिम निर्णय वमोजिम निर्माण व्यवसायीले पाउनु पर्ने थप रकमको दावी तथा अन्य अड्डा अदालतमा दिएको निवेदन बमोजिमको सम्पूर्ण दावि छोडी तथा मध्यस्थहरुको खर्च जमानत रकम दावि समेत कम्पनीले व्योहोर्ने सम्म भनी मिलापत्र गर्न तयार रहेको व्यहोरा उल्लेख गरी निवेदन दिएको,
५८.	वि.सं. २०७८, बैशाख १६	निर्माण-व्यवसायीको मेलमिलापको प्रस्ताव उपर नियोक्ता पक्षले प्रस्तावित दावी बमोजिम श्री रामानन्द प्रसाद यादवको कार्यदलले मिति २०७२ भाद्र २७ गते दिएको सुझाव प्रतिवेदन अनुसारको जम्मा नेपाली रुपैयाँ ५२,१८,०२,२०३।९७ (अक्षेरेपी बाउन्न करोड अठार लाख दुई हजार दुईसय तीन रुपैयाँ सन्तानब्बे पैसा) दिँदा मुलुकको आर्थिक दायित्व समेत कम हुने हुँदा उक्त निर्माण-व्यवसायीको प्रस्ताव बमोजिम मेलमिलाप गर्न उपयुक्त छ भनी मिति २०७८।०१।१६ को मन्त्रिस्तरीय निर्णय।
५९.	वि.सं. २०७८, जेठ ११	मिति २०७८।०१।१६ गते च.नं. २११७ को पत्रमा अदालति तथा प्रशासनिक प्रकृया पुरा गरी ठहर भई आए भुक्तानी दिने भनी अर्थ मन्त्रालयले रकम सुनिश्चितता भएको हुँदा आवश्यक कारबाहि बढाउन भनि मिति २०७८।०२।११ को सचिव स्तरीय निर्णय बमोजिम मेलमिलापका लागी भएको निर्णय नै मुद्दाका पक्षहरुको मेलमिलाप हुन सक्ने विन्दुको रुपमा रहेको।
६१.	वि.सं. २०७८, असार २७	प्रस्तुत मुद्दाका दुबै पक्षले कोभिड महामारीका कारण तथा निशेधाज्ञाको अवस्थामा अदालतले गरेको सेवा संकुचनको अवस्थामा पेशी तोक्न निवेदन दिई मिति २०७८।०३।२७ गते पेशीमा चढी मेलमिलापमा पठाउने आदेश भएको।
६२.	वि.सं. २०७८, साउन २५	मेलमिलाप मार्फत मिलि आएको व्यहोरा- मिलि आएको व्यहोरा यो छ कि विपक्षी सिनो हाईड्रो कर्पोरेशन लिमिटेड (Sinohydro Corporation Limited) (साविक नाम चाईना नेशनल वाटर रिसोर्सेज् एण्ड हाइड्रोपावर ईन्जिनियरिङ्ग कर्पोरेशन) ले मध्यस्थ ट्राइबुनलको अन्तिम निर्णय बमोजिमको ठहर रकम र सो को व्याज र मध्यस्थहरुको शुल्क वापत बुझाएको रकम समेत जोडेर हुन आउने सम्पूर्ण रकम मा आफ्नो दाबी छोडी उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका तत्कालिन सहसचिव श्री रामानन्द प्रसाद यादवको कार्यदलले मिति २०७२ भाद्र २७ (ता. १३ सेप्टेम्बर २०१५) गतेका दिन दिएको सुझाव प्रतिवेदन अनुसारको जम्मा नेपाली रुपैयाँ ५२,१८,०२,२०३।९७ (अक्षेरेपी बाउन्न करोड अठार लाख दुई हजार दुईसय तीन रुपैयाँ सन्तानब्बे पैसा) मात्र निवेदक साबिकमा सुनसरी मोरङ्ग सिचाई बिकास समिति नाम रहेकोमा हाल सो को दायित्व सरि आएको सुनसरी मोरङ्ग सिचाई आयोजनाबाट प्रत्यर्थीलाई सिनो हाईड्रो कर्पोरेशन लिमिटेडलाई रकम भुक्तानी दिन तथा प्रत्यथीले उक्त प्रतिवेदन बमोजिमको दावि रकम निवेदक पक्षबाट बुझ्न मञ्जुर गर्दछ .....१ मेलमिलापबाट ठहर भए बमोजिमको उल्लिखित नेपाली रुपैयाँ ५२,१८,०२,२०३।९७ (अक्षेरेपी बाउन्न करोड अठार लाख दुई हजार दुईसय तीन रुपैयाँ सन्तानब्बे पैसा) रकम भुक्तान गर्न आवश्यक सम्पूर्ण आन्तरिक तथा प्रशासनिक प्रकृया टुङ्गयाई निवेदक आयोजनालाई अर्थ मन्त्रालयबाट भुक्तानी हुनासाथ प्रत्यर्थी सिनो हाईड्रो कर्पोरेशन लिमिटेडलाई निजको नबिल बैक लि. मा रहेको खाता नं. २३०१०१७५००५७५ मा रकम दाखिला गर्ने कुरामा निवेदक पक्ष मञ्जुर छ ....१, मेलमिलापबाट ठहर भए बमोजिमको दावी रकम निवेदक पक्षबाट प्राप्त भएपश्चात निवेदक प्रत्यर्थीबाट यसै मध्यस्थको निर्णय कार्यान्वयन तथा अदालतका मानहानी लगायतका विषयमा निवेदक पक्षलाई विपक्षी बनाई सम्पूर्ण तहका अड्डा अदालतमा दायर भएका मुद्दा तथा निवेदन समेत फिर्ता लिने कुरामा तथा निवेदक प्रत्यर्थीले यसै विषय अन्तर्गत लिएका अन्य सबै दावी छाड्न मञ्जुर गर्दछ....१, त्यसैगरी मध्यस्थको प्रकृया पुरा गर्दा मध्यस्थताको कुनै खर्च दावि भए सो पनि व्योहोर्न निवेदक प्रत्यर्थी सिनो हाईड्रो कर्पोरेशन लिमिटेड मञ्जुर छ....१ भनी निवेदक र प्रत्यर्थी दुबैले आ–आफ्नो निवेदन दाबी र लिखित प्रतिवाद जिकिर छाडी मिलापत्र गर्न एक आपसमा परस्पर मञ्जुरी र सहमति भएकोले हामीहरु को आपसी मनोमान राजीखुशीसँग मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम मेलमिलापकर्ता श्री रामचन्द्र सिंखडाको उपस्थितिमा मेलमिलाप गरी मिलापत्र गरी पाउन सम्मानित अदालत समक्ष यो संयुक्त निवेदन पेश गर्दछौ। अतः मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम मेलमिलाप गरी मुद्दा मिलापत्र गर्न यो संयुक्त दर्खास्त गरेका छौं । लेखिएबमोजिम मिलापत्र गरी निवेदक प्रत्यर्थीको मेलमिलाप बमोजिको व्योहोरा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उर्जा तथा सिंचाई मन्त्रालय तथा जलश्रोत तथा सिंचाइ विभागमा समेत अदालत मार्फत मेलमिलाप भएको व्योहोरा लेखि जानकारी लेखी पठाई पाँउ।

विश्लेषण:

१) **लामो मध्यस्थताको प्रकृया:** मध्यस्थता ट्राईबुनल समक्ष मिति २०६१।१०।१७ गते विपक्षी ठेकेदार कम्पनीले १७ वटा दावीहरु पेश गरेको सम्बन्धमा मिति २०६५।११।०७ गते बहुमत मध्यस्थबाट १७ वटै दावीहरुका सम्बन्धमा पहिलो (Partial Award) आशिंक सैद्धान्तिक निर्णय आएकोमा मिति २०६८।१२।१४ गते पुनः मध्यस्थ ट्राईबुनलबाट दावी नं १४ र १६ को सम्बन्धमा दोश्रो (Partial Award) सैद्धान्तीक निर्णय/अवार्ड आई सो को पुरक अवार्ड (Supplementary Award) मिति २०६९।११।४ गते दिएकोमा, मिति २०७७।४।१६ गते सम्पुर्ण १७ वटै दावीहरुको सम्बन्धमा **अन्तिम अवार्ड** (Final Award) भएको कुरा यथार्थ हो । मध्यस्थता ऐन, २०५५ को २४ को प्रावधान बमोजिम साधारण तथा सम्पुर्ण कागजात प्राप्त भएको १२० दिन भित्र काम कारवाही सम्पन्न गरी निर्णय दिनुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ । सुनुवाइ सपन्न भइसकेको दशक भन्दा लामो समय व्यतित भएपछि आएको बहुमत मध्यस्थको अन्तिम निर्णयले मध्यस्थताको प्रकृया लामो र अनिश्ययात्मक हुन सक्ने कुरालाई मनन गर्दै सम्बन्धित विवादका मध्यस्थहरुले प्रारम्भिक बैठक देखि नै समयसिमा तोकेर मध्यस्थताको काम कारवाही र अवार्ड आउने समयसम्मका लागि छुट्टै प्रारम्भिक रुपमा कार्यविधिगत आदेश (Procedural Order) जारी गरेर यस प्रकृयालाई छिटो र विश्वस्नीय बनाउन पर्ने देखिन्छ ।

२) **मध्यस्थको परिवर्तन तथा एकजना मध्यस्थको सहभागिता विना गरिएको काम कारवाही:** प्रस्तुत विवादमा नियोक्ताको तर्फबाट नियुक्त मध्यस्थ श्री विश्वनाथ उपाध्याय (पूर्व प्रधान न्यायधिश) ज्युले पहिलो आंसिक सैद्धान्तिक निर्णय हुंदासम्म मध्यस्थको भूमिकामा रहनु भएको भएतापनि बहुमत मध्यस्थले दिनुभएको उक्त सैद्धान्तिक निर्णयमा फरक मत दिने भनिएको देखिएतापनि निजको तर्फबाट त्यस्तो फरक मत दिइएको नभेटिनुले मध्यस्थको भुमिका बस्ने तर पदीय दायित्व निर्वाह नगरी राजिनामा दिने कुराले मध्यस्थताको गरिमा र मर्यादालाई बरकरार राख्न सहयोग नगर्न सक्छ । यसबीच मध्यस्थ श्री विश्वनाथ उपाध्यायको देहबासन भएको भन्ने कुराहरुपनि आएको भएतापनि मध्यस्थ न्यायधिकरणको निर्णय तथा बैठकको निर्णयहरुमा यस सम्बन्धमा केही पनि खुल्दैन । यद्यपि त्यसपछि नियोक्ताको तर्फबाट नियुक्त मध्यस्थको परिवर्तन भई श्री सूर्यनाथ उपाध्याय नियुक्त भएको देख्न सकिन्छ । यसरी एकजना मध्यस्थको परिवर्तन भएकोमा त्यस अघिको काम कारवाहीको बैधानिकता के हुने भन्ने सम्बन्धमा विवादका पक्षहरु र मध्यस्थ न्यायधिकरणले सहमति गरेर अगाडी बढ्न पर्ने देखिन्छ । यस मध्यस्थतामा पहिले दिइएको आंसिक सैद्धान्तिक निर्णयलाई नै पछि तीनै जना मध्यस्थहरुले दिनु भएको दोस्रो आंसिक निर्णयमा आत्मसात गरिनुले एकै विषयमा दोहर्याएर निर्णय भएको देखिन्छ र सैद्धान्तिक मात्र भनिएको कारण त्यसले प्रकृयागत र कानुनी जटिलता ननिम्टाएको हुने अनुमान गर्न सकिन्छ । मध्यस्थको परिवर्तन भएको कारणले नै मध्यस्थताको प्रकृया लम्बिएको निष्कर्ष निकाल्न सकिन्छ । यद्यपि प्रस्तुत विवादमा नियोक्ता पक्षले एकजना मध्यस्थ श्री सूर्यनाथ उपाध्यायको अनुपस्थितिमा अन्तिम अवार्ड प्रदान गरिएको भनी जिकिर लिएको र निर्माण व्यवसायी पक्षले मध्यस्थता जस्तो विषय नटुड्याई लामो समय राख्नु कुनैपनि दृष्टिबाट उचित नहुने भएकोले बन्द गर्नु पर्ने हुंदा सो विषयमा मध्यस्थ श्री गर्डन एल. जेन्सले पहल गर्दा मध्यस्थ श्री तोसिहिको ओमोटोले सहमती जनाई मध्यस्थताको कारबाहीमा भाग लिनु भएको तर अर्का मध्यस्थ श्री सूर्यनाथ उपाध्यायले जवाफ समेत नदिई वेवस्ता गरी बस्नु भएकोले दुईजना मध्यस्थहरुले मध्यस्थताको कारबाही अगाडी बढाई अन्तिम निर्णय दिइएको जिकिर लिनु भएको छ । यस प्रकार मध्यस्थहरुको कामकारवाहीले मध्यस्थताको विश्वश्नीयतामाथि नै प्रश्न खचडा हुने र यो नै तदर्थ (Ad-hoc) मध्यस्थको प्रमुख अवगुण भएकाले यस खाले कमजोरीहरुलाई संस्थागत मध्यस्थता (Institutional Arbitration) को माध्यमबाट सम्बोधन गर्न सकिने देखिन्छ ।

३) अपार्दर्शी मध्यस्थताको प्रकृया र निर्णय: मध्यस्थताको दोस्रो आंसिक निर्णय (Second Partial Award), दोस्रो आंशिक निर्णयको पूरक (Supplement to Partial Award) हुंदा सम्म एकैसाथ भएका तीनै जना मध्यस्थहरु त्यसपछि के कति कारणले अन्तिम निर्णय/अवार्ड(Final Award) आंउदा सम्म एकसाथ आउन सकेनन् भन्ने कुरा प्रस्तुत विवाद रहस्यमय छ । अर्को चाख लाग्दो कुरा प्रस्तुत विवादकै मुद्दाको सक्कल मिसिल, सम्झौताको दफा ५.१ (ख) (Condition of Particular Application and Appendix to Bid sub-clause 5.1 (b)) अनुसार नेपाल कानुन लागु हुने र त्यसैगरी सम्झौताको दफा ६७.३ (CoC sub-clause 67.3) अनुसार मध्यस्थता ट्राइबुनल काठमाडौमा बस्ने हुंदा संयुक्त राष्ट्रको अन्तराष्ट्रिय व्यापार कानुन सम्बन्धी आयोग (UNCITRAL) मध्यस्थता नियम, १९७६ को धारा ३२(७) र मध्यस्थता ऐन, २०५५ को दफा १२ र ४२ अनुसार काठमाडौ जिल्ला अदालतमा बुझाएको हुनुपर्नेमा उक्त सक्कल मिसिल वि.सं. २०७७, मङ्सिर १२ को उच्च अदालतको आदेश मुताविक काठमाडौ जिल्ला अदालतमा भएको देखिएन या भनौं बुझाएको पाएनौं । यसले समग्र मध्यस्थताको सिंगो दस्ताबेजको अध्ययन गर्ने कठिनाइ मात्र उत्पन्न नभई मध्यस्थताको काम कारवाहीको पार्दर्शीतामाथि शंका गर्ने ठाँउ बनाइ दिएको छ । अन्तिम निर्णयको मिति वि.सं. २०७७, साउन १६(सन् २०२०, जुलाई ३१) रहेकोमा सो समयमा अन्तिम निर्णय दिने २ जना मध्यस्थहरु (दुबै विदेशी नागरिक हुनुभएको) मा र मध्यस्थता नेपालको काठमाडौंमा हुन्छ भनी लेखिएको र अन्तिम अवार्डमा पनि सोही कुरा लेखिएको भएपनि कोभिड माहामारीको समयमा बन्दाबन्दीको अवस्थामा के कसरी निजहरु काठमाडौंमा आए र ट्राइबुनलको वैठक कहाँ कसरी बस्यो भन्ने कुरा खुल्दैन । मध्यस्थता ट्राइबुनलले अन्तिम निर्णय/अवार्ड दिएको विषयमा एकजना मध्यस्थलाई जानकारी नभएको के कसरी वहाँको अनुपस्थितिमा त्यस्तो अन्तिम निर्णय/अवार्ड दिए भन्ने कुरामा निजको अनभिज्ञताले पुनः यस सम्बन्धमा शंका गर्ने ठाँउ बनाएको छ । साथै, मध्यस्थता सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यास र प्रचलन, तथा प्रस्तुत विवादका पक्षहरुले गरेको करार सम्झौता अनुसार लागु हुने मध्यस्थता ऐन, २०५५ को दफा २८ मा मध्यस्थले निर्णय गर्दा औपचारीक पत्र दिई जानकारी गराई मध्यस्थहर तथा पक्षहरुको रोहवरमा अवार्ड पक्षहरुको समक्ष पढी सुनाउनु पर्नेछ र त्यसको एक एक प्रति पक्षहरुलाई दिनुपर्ने भन्ने व्यवस्था गरेको छ तथा उक्त सुनुवाइमा कुनै पक्ष अनुपस्थित भए सो निर्णयको एकप्रति पठाउनु पर्ने प्रावधान रहेको छ । यस प्रावधानलाई मध्यस्थता न्यायधिकरणले पालना गरेको नदेखिएबाट मध्यस्थको प्रकृया सम्बन्धी गोपनियतालाई सम्बोधन गर्दै मध्यस्थताको पार्दर्शीता र निष्पक्षतालाई आगामी दिनमा आत्मसात गरेर जानुपर्ने हुन्छ ।

४) निर्णय कार्यान्वयनमा अर्घेलाईं र वाधा व्यवधानः मध्यस्थता ट्राइबुनल समक्ष लामो समय विचाराधीन रही विभिन्न समयमा सुनुवाई गरी प्रथम आंशिक निर्णय (First Partial Award), दोस्रो आंशिक निर्णय (Second Partial Award), दोस्रो आंशिक निर्णयको पूरक (Supplement to Partial Award) आउंदा र सो पश्चात मध्यस्थको आंसिक निर्णय कार्यान्वयन गर्न काठमाडौ जिल्ला अदालतमा जांदा भोग्न परेको कठिनाई र बाधा व्यवधान माथि तालिकामा प्रस्तुत गरिएको छ । निर्णय कार्यान्वयन गर्न अदालतले गरेको आदेशहरु, निर्माण व्यवसायी पक्ष बाध्य भई अदालतको अवहेलनामा निवेदन दर्ता गर्न पुग्नु सम्मको अवस्थाले हाम्रो मध्यस्थताको सिद्धान्त, कानुन र व्यवहारिक कठिनाईको पाटोलाई उजागर गरेको सजिलै बुझ्न सकिन्छ । मध्यस्थताको कारबाहीमा मध्यस्थ नै अन्तिम निर्णयकर्ता हो । मध्यस्थ ट्राइबुनलले सम्झौता र विबादका तथ्यको अधिनमा रहेर गरेको निर्णय पक्षहरुको लागि अन्तिम र बाध्यकारी हुन्छ । बिना शर्त मध्यस्थताको प्रकृयामा भाग लिएपछि परिणाम आफुले सोचे जस्तो नभएकै कारण उपरोक्त प्रकृतिबाट मध्यस्थको निर्णय कार्यान्वयनलाई अर्घेलाईं र वाधा व्यवधान गर्ने कुराले फेरिपनि मध्यस्थताको विश्वस्नीयता र सर्वस्वीकार्यताको मान्यतालाई नै पराजित गर्दछ । यस हिसाबमा मध्यस्थताको निर्णय कार्यान्वयनलाई कसरी सबल र प्रभाबकारी बनाउने भन्ने कुरामा संवेदनशील भएर लाग्ने वेला घर्की सकेको छ ।

५) मध्यस्थता मेलमिलापबाट टुङ्गिएकोः प्रस्तुत विवाद जे जसरी अगाडी बढेर अन्तिम निर्णय सम्म पुगेको र एउटा पक्षले त्यसको बदर हुन माग गरी उच्च अदालतसम्म पुगेको भएतापनि यसमा विवादका पक्षहरुले वुद्धिमता प्रस्तुत गरेको र मध्यस्थता- मेलमिलाप (Arb-Med) मेलमिलाप - मध्यस्थता (Med- Arb) सम्बन्धमा पछिल्लो समयमा विश्वपरिदृश्यमा देखिएको र अनुशरण गर्न थालिएको मान्यतालाई आत्मसात गरेको देख्न सक्छौं । यदि यस विवादमा मेलमिलाप नभएको भए उक्त निर्णयहरुको सम्बन्धमा अदालतले हस्तक्षेप गर्न मिल्थ्यो वा मिल्दैनथ्यो भन्ने अर्का विमर्ष र चिन्तन मन्थनको पाटो रँहदा रंहदै मिति २०७७।१२।१८ गते निर्माण व्यवसायीले मध्यस्थको अन्तिम निर्णय बमोजिम निर्माण व्यवसायीले नियोक्ताबाट दैनिक रुपमा पाउने ब्याज बाहेक न्यूनतम पनि नेपाली रुपैयां अठत्तर (७८) करोड पाउनु पर्ने भएता पनि दुवै पक्षको जीत हुने गरी सिंचाई विभागलाई सम्वोधन गरी उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका तत्कालिन सहसचिव श्री रामानन्द प्रसाद यादवको कार्यदलले मिति २०७२ भाद्र २७ (ता. १३ सेप्टेम्बर २०१५) गतेका दिन दिएको सुझाव प्रतिवेदन अनुसारको जम्मा नेपाली रुपैयाँ ५२,१८,०२,२०३।९७ (अक्षेरेपी बाउन्न करोड अठार लाख दुई हजार दुईसय तीन रुपैयाँ सन्तानब्बे पैसा) मात्र भुक्तानी पाए मध्यस्थको मिति २०७७ श्रावण १६ (ता. ३१ जुलाई २०२०) गतेको अन्तिम निर्णय वमोजिम निर्माण व्यवसायीले पाउनु पर्ने थप रकमको दावी नगर्ने तथा अन्य अड्डा अदालतमा दिएको निवेदन बमोजिमको सम्पूर्ण दावि छोडी तथा मध्यस्थहरुको खर्च जमानत रकम दावि समेत कम्पनीले व्योहोर्ने सम्म भनी मिलापत्र गर्न तयार रहेको व्यहोरा उल्लेख गरी निवेदन दिएकोमा मिति २०७८।०१।१६ गते नियोक्ता पक्षले जनाएको समर्थनले यस विवाद झन्डै दुई दशक देखि मध्यस्थताको नाममा अल्झिएको विवादले निकास पाउने अवस्था सिर्जना भयो । अन्ततः मेलमिलापबाट मिति २०७८।०४।२५ मा प्रस्तुत विवादले निकास पायो । नेपालको समग्र मध्यस्थता क्षेत्रको नै बदनाम यस विवादले यस ढंगले निकास पाउने कुराले अन्ततः मध्यस्थताको नै जित भएको छ र मध्यस्थताको यस्तो जटिल विवाद समेत हामीले पार लगाएको कुराले अन्य विवादहरुलाई समेत मार्ग प्रशस्त गरेको कुरालाई हामीले पाठको रुपमा लिनुपर्छ ।

नोट: यो लेख दाबीकर्ता/निर्माण-व्यवसायी 'सिनो हाइड्रो कर्पोरेशन" र प्रतिवादकर्ता/नियोक्ता 'सुनसरी मोरङ्ग सिंचाइ आयोजना बाट सविकृत प्राप्त बमोजिम रहेको छ |

Interim Measures in Arbitration and the Requirement for Revision in the Arbitration Act, 2055

Nanda Krishna Shrestha
Advocate

As arbitration is the most popular alternative dispute resolution mechanism in corporate affairs, many nations have formally recognized it with appropriate laws and regulations. Also, the legislation amendment has provided for adequate solutions to difficulties that have emerged from time to time. In recent decades, different countries have made some changes in their existing provisions of arbitration relating to Interim Measures/Reliefs to make arbitration more effective, fruitful, and enforceable. In this regard, there have been amendments to the UNCITRAL Model Law as well. Thus, it is beneficial to examine the Interim Measures/Relief/Order given in the Nepal Arbitration Act, 2055, on a current and international perspective in order to enhance efficiency and make arbitration more achievable.

1. Interim Measures/Reliefs

Interim reliefs are provisional or temporary orders issued by the Arbitration Tribunal. It is an order that is put into effect pending a hearing, trial, final judgment, or an act by one of the parties. The fundamental function of interim measures is to protect a party's rights while pending the outcome of a dispute in arbitration. The major objectives are to maintain or restore the parties pending the determination of the dispute in arbitration; preserve the assets out of which a subsequent award may be satisfied; preserve evidence; and. provide security for the costs of the dispute referred to arbitration. The provision of these interim measures is essential in making the arbitration process as well as the outcome of the arbitration more effective, as they provide parties with the security and/or relief that allow them to continue with the process. Generally, interim relief is granted when:

a. Prima facie there is a case;

b. the balance of convenience lies with the aggrieved party who is seeking the relied; and

c. Irreparable damage or injury may be caused if the interim relief is not granted.

Amended Article 17 of the UNCITRAL Model Law have provided above basis for the Interim Measure:

(a) Harm not adequately reparable by an award of damages is likely to result if the measure is not ordered, and such harm substantially outweighs the harm that is likely to result to the party against whom the measure is directed if the measure is granted; and

(b) There is a reasonable possibility that the requesting party will succeed on the merits of the claim. The determination on this possibility shall not affect the discretion of the arbitral tribunal in making any subsequent determination

More effectively the National Civil Procedure (Code) Act, 2017, Section 518, has provided the general ground for the interim relief in Nepal.

(1) If the concerned petitioner considers that the petition claim would be meaningless if the status quo of any subject matter of any claim is not maintained pending the final settlement of the petition, such a petitioner may, setting out that matter, pray for the issuance of an interim order.

2. Mode of the Interim Relief/ Measures in Arbitration

There are several modes of the Arbitration relief has been practice.

a. Injunctions are orders that may prevent a party from doing something. Alternatively, injunctions may prevent someone from leaving the country or getting rid of their assets. These are applied when a party predicts that the other will go to great lengths not to pay the final amount in the arbitration award.

b. Security for costs is an interim measure usually requested by the claimant if there is reasonable cause to believe that the claimant is insolvent and will not pay if he or she loses that arbitration. This includes the cost of the arbitration fees.

c. Applications for the preservation or detention of property are less common, however they may be equally as important. Arbitrators should exercise great care in these instances as preservation or detention of property may have serious and adverse consequences for a party that needs to use or sell their property. What may be less detrimental is an application for the inspection of a property. Arbitrators must be careful to always evaluate the advantages and disadvantages of implementing an interim measure such as this one.

d. Active interim measures (or 'preserving the status quo', as they are often referred to) require a party to take, or refrain from taking, specified actions. For example, arbitrators may order a party to continue the performance of contractual obligations (such as carrying out construction works), to continue shipping products, or providing intellectual property, or the adverse. ..etc

3. Provision of Interim Relief under the Arbitration Act 2055 and General Scenario.:

i. The Arbitration Act, 2055 has confined the several Powers to the Arbitrator Whereas :

Section 21, (1) (g):- To issue preliminary orders, or interim or inter locating orders in respect to any matter connected with the dispute on the request of any party, or take a conditional decision.

(2) Any party which is not satisfied with the order issued by the arbitrator pursuant to Clause (g) of Sub-section (1) may submit an application to the appellate court within 15 days, and the decision made by the Appellate Court shall be final.

ii. The provisions of the Arbitration Act, 2055, Section 21 of reliefs are very limited. There are no procedural rules or guidance on how interim measures should be dealt with or guidelines outlining under what circumstances interim measures should be granted. It is unclear whether the Tribunal has the authority to issue interim orders against non-parties to the dispute. There is no clear position to handle the situation of the interim order, if required, before and after the Award is delivered to the parties. There is no legal enforcement mechanism for the implementation of interim relief in cases of violation. It is unclear whether the arbitration statute authorizes or prohibits the parties from obtaining double-standard remedies from the regular court and arbitration tribunal.

iii. Also, in general practice, it is seen that one of the parties deliberately prolongs the time for the arbitration proceedings to prejudice the rights of the other party, for some other reason beneficial

to them, or to delay the pronouncement of the arbitral award against them and thereby delay the enforcement of the award. Thus, the arbitral tribunal and/or the court must safeguard the rights of the aggrieved party before, during, and after the arbitral proceedings until the award is enforced. For which the interim measure must be enforced.

iv. As per the literal interpretation of arbitration, the tribunal can only grant interim reliefs against parties to the arbitration agreement; however, it is unclear that the arbitration tribunal itself has the authority to make directives and orders for nonparties whose roles are in that matter. Thus, lacks in provision it has been seen in practice that the powers of both the court and arbitral tribunal were effectively equal, and confusion on the parties regarding the jurisdiction of the general court and arbitration regarding the interim order.

v. There is a chance that the arbitrator will use interim relief arbitrarily, hence there must be direction for the arbitrators. It has also become crucial because the majority of arbitrators nowadays come from technical backgrounds.

vi. The Arbitration Act, 2055, provides for an enforcement award by the district court after the completion of the award. But there is no provision for an enforcement mechanism for the implementation of the interim measures/ order. It looks like an order with no execution.

Thus, the Arbitration Act, 2055, deals with interim measures with a very limited scope. It cannot cover the complete context of the present period. Some statutory gaps have been observed in the arbitration domicile. There is a need for conditions and rules that make the powers of both courts and arbitral tribunals effective and address our contradictions.

In this regard, it is easy if we study the current international law and the recent changes made in India's arbitration law.

A) International standards of Interim Measure on UNCITRAL Model Law

In order to encourage harmonization regarding the definition and scope of interim protection of rights in international arbitration, the United Nations Commission on International Trade Law (UNCITRAL) amended Article 17 of the UNCITRAL Model Law (Model Law) provision on interim measures in 2006 to define tribunal powers to grant interim measures and to describe the enforcement role of national courts.

Article 17. Power of arbitral tribunal to order interim measures

Article 17 A. Conditions for granting interim measures

Article 17 B. Applications for preliminary orders and conditions for granting preliminary orders

Article 17 C. Specific regime for preliminary orders

Article 17 D. Modification, suspension, termination

Article 17 E. Provision of security

Article 17 F. Disclosure

Article 17 G. Costs and damages

Article 17 H. Recognition and enforcement

(1) An interim measure issued by an arbitral tribunal shall be recognized as binding and, unless otherwise provided by the arbitral tribunal, enforced upon application to the competent court, irrespective of the country in which it was issued, subject to the provisions of article 17 I.

(2) The party who is seeking or has obtained recognition or enforcement of an interim measure shall promptly inform the court of any termination, suspension or modification of that interim measure.

(3) The court of the State where recognition or enforcement is sought may, if it considers it proper, order the requesting party to provide appropriate security if the arbitral tribunal has not already made a determination with respect to security or where such a decision is necessary to protect the rights of third parties.

Thus, the Model Law of the UNCITRAL Amendment (adopted by the Commission at its thirty-ninth session in 2006) has provided some rational norms, leading to the conclusion of the dichotomy on the use of the Interim Order by the Regular Court, and Arbitration also provides the framework and enforcement of the Interim Order.

B) Recent Indians Prospective on Interim Measure and Amendment.

The Arbitration and Conciliation Act, 1996, with objective improves the usefulness of arbitration, provided there's clarity, ensuring predictability and strengthening arbitration have amended the Provision relating to Interim Measures (with amendment on 2015 and 2019). More delightedly due the problems and forcibility and relief from the standards of the between the Court and Tribunal to power of the Judiciary to pass interim orders in aid of arbitration proceedings, encompassed under Section 9 of the Act under Arbitration and Conciliation act, 1996.

Section 9 : Interim measures by Court

(1) A party may, before or during arbitral proceedings or at any time after the making of the arbitral award but before it is enforced in accordance with section 36, apply to a court—

(i) for the appointment of a guardian for a minor or person of unsound mind for the purposes of arbitral proceedings; or

(ii) for an interim measure of protection in respect of any of the following matters, namely:—

(a) The preservation, interim custody or sale of any goods which are the subject-matter of the arbitration agreement;

(b) Securing the amount in dispute in the arbitration;

(c) the detention, preservation or inspection of any property or thing which is the subject matter of the dispute in arbitration, or as to which any question may arise therein and authorizing for any of the aforesaid purposes any person to enter upon any land or building in the possession of any party, or authorizing any samples to be taken or any observation to be made, or experiment to be tried, which may be necessary or expedient for the purpose of obtaining full information or evidence;

(d) Interim injunction or the appointment of a receiver;

(e) such other interim measure of protection as may appear to the Court to be just and convenient, and the Court shall have the same power for making orders as it has for the purpose of, and in relation to, any proceedings before it.

(2) Where, before the commencement of the arbitral proceedings, a Court passes an order for any interim measure of protection under sub-section (1), the arbitral proceedings shall be commenced within a period of ninety days from the date of such order or within such further time as the Court may determine.

(3) Once the arbitral tribunal has been constituted, the Court shall not entertain an application under sub-section (1), unless the Court finds that circumstances exist which may not render the remedy provided under section 17 efficacious.

Section 17: Interim measures ordered by arbitral tribunal.

According to Section 17, during arbitrary procedures, apply to the arbitral tribunal for relief, as mentioned in a similar provision in Section 9 of the Act; however, this provision adds the authority to execute Tribunal's orders: As above

Section 17(1) e..... interim measure of protection as may appear to the arbitral tribunal to be just and convenient, and the arbitral tribunal shall have the same power for making orders, as the court has for the purpose of, and in relation to, any proceedings before it.

(2) Subject to any orders passed in an appeal under section 37, any order issued by the arbitral tribunal under this section shall be deemed to be an order of the Court for all purposes and shall be enforceable under the Code of Civil Procedure, 1908 (5 of 1908), in the same manner as if it were an order of the Court.

१. विपक्षी कम्पनीको रिचार्ज कार्ड सम्झौता बमोजिम खरिद गर्न नसकेमा ३ महिनाको अग्रिम सूचना दिई सम्झौता भंग गर्न सक्ने प्रावधान रहेपनि विपक्षीले मिति २०७३।०५।१५ मा बिना सूचना सम्झौता भंगको पत्र प्रेषित गरेको र सो विषयको जानकारी मागदा विपक्षी कम्पनीका अध्यक्षले क्षमा याचना सहित दुवै कम्पनी बीचको सम्झौता यथावत रहेको भनी मिति २०७३।०५।२९ मा पत्र प्राप्त भएको थियो। सिम टिभीको सम्पूर्ण रिचार्ज कार्डहरू दावीकर्ताले बिक्री वितरण गर्न पाउने अवस्थामा विपक्षीले रिचार्ज उपलब्ध नगराई समाधान भै सकेको विषयलाई पुनः उठान गरी सम्झौता भंग गरेको छ। यस कम्पनीलाई भौतिक रिचार्ज कार्डमा ११.७५% र अनलाईन रिचार्जमा ११.५% कमिसन दिनुपर्ने भएकोले उक्त कमिशन रकम वापत रिचार्ज माग गर्दा सम्झौता भंग भै सकेको भनी विपक्षीले रिचार्ज पठाउन इन्कार गरेको थियो। विपक्षी सिम टिभीले करार बमोजिमको कार्य गर्नबाट रोकेको हुँदा विपक्षीको उक्त कार्य सम्झौता तथा करार ऐन, २०५६ को विपरीत छ। विपक्षी कम्पनीले सम्झौता भंग गरेको कारण फाल्गुन मसान्तसम्मको कर्मचारी, कामदार तलव सुविधा, घर भाडा लगायतको खर्च वापत रू.२९,७९,७५४।- र सो को व्याज, कूल बिक्रीको भौतिक रिचार्ज कार्डमा ११.७५% र अनलाईन रिचार्जमा ११.५% कमिसन दिनु पर्ने र अघिल्लो वर्षको अनुपातलाई आधार मानी १९ वर्षसम्म सम्झौता बमोजिम कार्य गर्दै कम्पनीलाई हुने मुनाफा ५२,१२,०८,०७४।०५ हुनेमा सोमा खर्च कट्टा गरी बाँकी हुने अनुमानित मुनाफा ४०,००,००,०००।- यस कम्पनीलाई हानी नोक्सानी वापत भराई सम्झौता बमोजिम तत्काल रिचार्ज कार्डहरू उपलब्ध गराई बिक्री वितरण गर्न पाउँ भन्ने समेत बेहोराको कामख्या डिजिटल केबल नेटवर्क प्रा.लि. को मध्यस्थ समक्ष निवेदन मागदावी।

२. सम्झौता बमोजिम रिचार्ज कार्डको प्रभावकारी बिक्री वितरण गर्न करारीय दायित्व भएको दावीकर्ताले शर्तको दफा १० नं. गम्भीर रूपमा उल्लंघन गरेको छ। रिचार्ज कार्ड नगद वा बैंक ग्यारेन्टी

मार्फत खरिद गर्न नसकेको र स्थानीय तवरमा रिचार्ज विक्री गर्न नसकेको कारण सम्झौता रद्द गरिएको हो। शालिनी पौडेलको नामबाट भएको पत्राचार अनाधिकृत, अख्तियारी नभएको, स्वास्थ र सरोकार बाझिएको व्यक्ति भएको कारण निजको पत्राचार गैरकानूनी भएको भनी विपक्षीको दावी आधारहिन छ। प्रशासनिक कुरामा विपक्षीको दायित्व नरहने हुँदा दावीकर्ताको नोक्सानी व्यहोर्नु पर्ने होइन। दावीकर्ता आफैंले सम्झौता उल्लंघन गरेको हुँदा विपक्षीले दावी गर्न मिल्दैन। विपक्षीको दावी सम्मानित सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्त विपरीत रहेको छ। करारमा र लेखिएको शर्त बाहेक अन्य शर्तहरू थप गरी करारको व्याख्या गर्न मिल्ने होइन। करार तथा सम्झौताको परिपालना नगर्ने पक्षले क्षतिपूर्तिको दावी लिन नसक्ने र क्षतिपूर्ति भराउन मिल्दैन। विपक्षीले दावी गरेको क्षतिपूर्ति प्रमाणबाट पुष्टि हुँदैन, त्यसकारण वास्तविक पनि छैन। विपक्षी स्वयंले नै करारको उल्लंघन गरेको कारण विपक्षीलाई क्षतिपूर्ति दावी गर्ने अनुमती छैन भन्ने समेत बेहोराको सिम्पल मिडिया नेटवर्क प्रा.लि. को मध्यस्थ समक्ष प्रतिवाद जिकिर।

३. मध्यस्थबाट देहाय बमोजिम निर्णय (Award) भएको ।

क) विपक्षी सिम्पल मिडिया नेटवर्क प्रा.लि. को तर्फबाट मिति २०७३।०५।१२ गतेको निर्णय बमोजिम २०७३।०८।१५ गतेको पत्र जानकारीबाट भएको सम्झौता रद्द गर्ने कार्य सम्झौता प्रतिकूल भई वेरितपूर्ण भएको,

ख) सम्झौताको प्रकृति हेर्दा दावीकर्ताको माग अनुसार करारको यथावत परिपालनाको उपचार प्राप्त नहुने,

ग) कर्मचारी, कामदार तलव सुविधा खर्च नोक्सानी वापतको रू.२९,७९,७५४।१९ नपाउने,

घ) विगतको बिक्रीको अनुपातलाई मान्दै १९ वर्षसम्म सम्झौता बमोजिम कार्य गर्दै जाँदा दावीकर्तालाई प्राप्त हुने कमिशन वापतको कूल रकम रू.५२,१२,०८,०७४।०५ हुनेमा सोमा खर्च कट्टी गरी बाँकी हुने खुद मुनाफा रू.४०,००,००,०००।- हानी नोक्सानीको दावीका सम्बन्धमा विचार गर्दा दावीका सैद्धान्तिक आधारमा मध्यस्थ ट्राईबुनल सहमत भएपनि सोमा दावी गरिएको रकम मनासिव नभएको,

ङ) सिम्पल मिडिया नेटवर्क लिमिटेडको बिना ठोस आधार पूर्वाग्रही भई सुधारको मौका समेत नदिई करारको शर्त उल्लंघन हुने गरी करारको अन्त्य गरी कामख्या डिजिटल लिमिटेडलाई बाँकी १७ वर्ष ८ महिनाको एकाधिकार प्राप्त अधिकृत मूल बिक्रेताको अधिकारबाट बञ्चित गरेकोमा मनासिव क्षतिपूर्ति वापत प्रति वर्ष रू.३०,००,०००।- का हिसावले १७ वर्ष ८ महिनाको जम्मा रू.५,३०,००,०००।- क्षतिपूर्ति भराई पाउने,

च) यो निर्णय दिएको मितिदेखि ऐनले तोकेको कार्यान्वयन गर्नु पर्ने समयावधिसम्मको हकमा कुनै व्याज नलाग्ने तर सो अवधि पछि अवार्ड रकमको भुक्तानी नहुन्जेलसम्मका लागि १०% का दरले व्याज भराई लिन पाउने।

४. यस कम्पनी र विपक्षी सिम्पल मिडिया नेटवर्क प्रा.लि. बीचमा डिजिटल केबल टेलिभिजन प्रिपेड रिचार्ज कार्ड, इन्टरनेट अनलाइन भुक्तानीको लागि Exclusive Distributionship, Master Distributorship दिनका लागि आपसमा सम्झौता पत्र भएको थियो। सम्झौता बमोजिमका शर्तहरूको उल्लंघन भै भंग हुने अवस्था कहिल्यै सृजना भएको थिएन। सम्झौता बमोजिम यस कम्पनीले आफ्नो तर्फबाट गर्नुपर्ने लगानी गरी कार्यालयलाई घरभाडा, जनशक्ति र सो को प्रयोजनका लागि

सिम्पल मिडिया प्रा.लि. विरूद्ध कामख्या डिजिटल केवल नेटवर्क प्रा.लि., मुद्दा : मध्यस्थको निर्णय बदर, ०७७-FJ-०१५९, ०७७-FJ-०१५६, नि.नं. ५३९ र ५४० को फैसला, पाना **१५** मध्येको पृष्ठ **३**

आवश्यक सम्पूर्ण व्यवस्था गरी आएकोमा विपक्षी कम्पनीमा तत्कालीन अध्यक्ष र कम्पनी संचालकका बीचमा भएको आपसी द्वन्द्वको कारण निवेदक प्रा.लि.लाई एक गैर संचालक प्रतिनिधिबाट गलत तथा बनावटी झुठ्ठा आरोप लगाई सो आधारमा करार सम्झौता भंग गर्ने पत्र पठाइएको छ। यस कम्पनीले विपक्षी कम्पनीसँग सम्पन्न सम्झौता विपरीतका कुनै पनि कार्य गरेको छैन। यस कम्पनीको कार्यले सम्झौता पत्रको शर्त भंग भएको भन्ने व्यहोरालाई विपक्षीले स्थापित गर्न सक्नु भएको छैन। १९ वर्षसम्म सम्झौताको शर्तहरूको अधिनमा रही कार्य गर्नको लागि सम्झौता भएको हुँदा कम्पनीका संचालकहरूबाट विपक्षी कम्पनीको प्रयोजनका लागि रू.४,५०,००,०००।- (चार करोड पचास लाख रूपैयाँ) बुझाई कार्यारम्भ गरेको तथ्यलाई विपक्षीले अन्यथा भन्न सकेको छैन। निवेदक पक्षबाट सम्झौता पत्रको अधिनमा रही भएको लगानीलाई बेइमानीका नियतबाट भंग गरी चरम आर्थिक क्षति पुऱ्याएको अवस्था छ। क्षतिपूर्तिको निर्धारण क्रममा अनिवार्य रूपमा हेरिनु पर्ने लगानी, खुद नाफा नोक्सान, अन्य खर्चहरू र विश्वासघात जस्ता विषयहरूलाई आधारमानी तत् विषयहरूको सम्बन्धमा कुनै पनि तवरबाट विवेचना गर्न नसकी सुरू मध्यस्थ ट्राईबुनलबाट मिति २०७७।१२।०२ मा निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी सुरू दावी तथा प्रस्तुत निवेदन माग बमोजिम गरी पाउँ भन्ने समेत बेहोराको कामाख्या डिजिटल केबल नेटवर्क प्रा.लि. को यस अदालतमा पर्न आएको निवेदन मागदावी।

५. निवेदक सिम्पल मिडिया नेटवर्क प्रा.लि. र विपक्षी कामख्या डिजिटल केबल नेटवर्क प्रा.लि. का बीच मिति २०७२।०६।०५ मा रिचार्ज कार्ड खरिद बिक्री गर्ने प्रयोजनका लागि समझदारी पत्रमा हस्ताक्षर भएको थियो। हामी निवेदक र विपक्षीका बीच मिति २०७२।०६।०५ मा रिचार्ज कार्ड खरिद विक्री गर्ने प्रयोजनका लागि भएको सम्झौताको दफा १० मा सम्झौता अन्त्य गर्ने बारेमा स्पष्ट व्यवस्था गरिएको छ। विपक्षीले बजारको माग बमोजिम प्रभावकारी रूपमा रिचार्ज कार्डको बिक्री वितरण, बजार व्यवस्थापन गर्न तथा स्थानीय केबल अपरेटरलाई रिचार्ज कार्ड उपलब्ध गराउन नसकेको र बजारमा निज विपक्षीकै कारणबाट हामी कम्पनीको रिचार्ज कार्डको अभाव समेत सिर्जना भएको हुँदा हामी कम्पनीले सम्झौता अन्त्य गरेका हौं। स्थानीय केबल अपरेटरहरूबाट विभिन्न मितिमा रिचार्ज कार्ड उपलब्ध नभएको भनी हामी कम्पनीलाई गुनासोहरू प्राप्त भएका छन्। हामीले सम्झौता अन्त्य गर्दा सम्झौताको शर्तहरू बमोजिम नै गरिएको हो। सम्झौता रद्द भएपछि पनि निज विपक्षीबाट विभिन्न पत्र प्राप्त भएकाले हामी कम्पनीले पुनः मिति २०७३।०९।१५ तथा मिति २०७४।०५।२९ मा सम्झौता रद्द भैसकेको जानकारी गराएका थियौं। विपक्षीलाई भविष्यमा हुनसक्ने मुनाफाको अनुमान गरी काल्पनिक क्षतिपूर्ति भराउने मध्यस्थ ट्राईबुनलको निर्णय आफैंमा गलत छ। मध्यस्थ ट्राईबुनलको निर्णयमा के कुन कानून बमोजिम हामी कम्पनीले विपक्षीलाई उक्त क्षतिपूर्ति भराउनु पर्ने निर्धारण गरिएको हो, सो बारे कुनै उल्लेख गरिएको छैन। कुनै कानूनी आधार उल्लेख नै नगरी हामी कम्पनीले विपक्षीलाई उक्त क्षतिपूर्ति भराउनु पर्ने भनी गरिएको उक्त निर्णय मध्यस्थता ऐन, २०५५ को दफा २७(ग), दफा ३०(२)(ग) र (घ) तथा दफा ३०(३) बमोजिम त्रुटिपूर्ण हुँदा मध्यस्थताबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत बेहोराको सिम्पल मिडिया नेटवर्क प्रा.लि. को यस अदालतमा परेको निवेदन मागदावी।

६. सम्झौता बमोजिम यस कम्पनीले आफ्नो तर्फबाट गर्नु पर्ने लगानी गरी कार्यालयलाई घरभाडा, जनशक्ति र सो को प्रयोजनका लागि आवश्यक सम्पूर्ण व्यवस्था गरी आएकोमा विपक्षी कम्पनीमा

तत्कालीन अध्यक्ष र कम्पनी संचालकका बीचमा भएको आपसी द्वन्द्वको कारण निवेदक प्रा.लि. लाई एक गैर संचालक प्रतिनिधिबाट गलत तथा बनावटी झुठ्ठा आरोप लगाई सो आधारमा करार सम्झौता भंग गर्ने पत्र पठाइएको छ। विपक्षी कम्पनीको प्रयोजनका लागि रू.४,५०,००,०००।- (चार करोड पचास लाख रूपैयाँ) बुझाई कार्यारम्भ गरेको तथ्यलाई विपक्षीले अन्यथा भन्न सकेको छैन। यस कम्पनीले विपक्षी कम्पनीसँग सम्पन्न सम्झौता विपरीतका कुनै पनि कार्य गरेको छैन। तत्कालीन करार ऐन, २०५६ तथा मुलुकी देवानी संहितामा समेत करार पत्र तथा सम्झौता पत्र बदर भएमा सोही ऐनहरूद्वारा क्षतिपूर्ति तिराउन सकिने प्रावधान रहेको छ। यस कम्पनीले पेश गरेका कागजातहरू, रिचार्ज कार्डको विवरणहरू, विपक्षी निवेदकहरू पेश गरेर कागजातहरू, दुबै पक्षका बहस पैरवी र प्रमाण समेतका आधारमा क्षतिपूर्ति रकम एकिन गरी मध्यस्थबाट निर्णय भएको हुँदा हामी विरूद्ध दायर भएको प्रस्तुत निवेदन पत्र खारेज गरी पाउँ भन्ने समेत बेहोराको कामाख्या डिजिटल केबल नेटवर्क प्रा.लि. को यस अदालत समक्ष लिखित जिकिर।

आदेश खण्ड

७. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको निवेदन सहितको मिसिल एवम् शुरु मिसिलसंलग्न कागजातहरुसमेत अध्ययन गरियो।

८. निवेदक सिम्पल मिडिया नेटवर्क प्रा.लि. को तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री तिलकविक्रम पाण्डे एवं सचिन कुमार लोहनीले कामख्यले सम्झौताबमोजिम रिचार्ज कार्ड उपलब्ध नगराई सम्झौताबमोजिमको दायित्व निर्वाह नगरेका कारण सम्झौता रद्द गर्ने निर्णय गरिएको हो । मध्यस्थताबाट निर्णय गर्दा सम्झौता जुन अर्थमा भएको छ त्यही अर्थमा लिनुपर्छ । सम्झौतामा रद्द गर्नु अघि सच्याउन समय दिनुपर्ने व्यवस्था छैन । सम्झौताको ब्यवस्थाको पालना गरी ९० दिनको सूचना दिएर सम्झौता रद्द गरिएको हो । करारमा लेखिएको शर्त बाहेक अन्य शर्तहरू थप गरी करारको व्याख्या गर्न मिल्ने होइन। करार तथा सम्झौताको परिपालना नगर्ने पक्षले क्षतिपूर्तिको दावी लिन नसक्ने र क्षतिपूर्ति भराउन मिल्दैन । मध्यस्थले क्षतिपूर्ति के कुन कानूनका आधारमा भराएको हो, खुलाएको छैन। यसैले मध्यस्थताको निर्णय बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

९. निवेदक कामख्या डिजिटल केबल नेटवर्क प्रा.लि. को तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री शरद कोइराला, श्री आशिष अधिकारी, श्री राजाराम घिमिरे, श्री अमर थापा र श्री किरण पौडेलले प्रस्तुत विवादमा करार ऐन लागू हुन्छ भन्ने कुरामा अर्को पक्ष पनि सहमत रहेको छ । तत्काल प्रचलित करार ऐन,२०५६ को दफा ८३ मा करार उल्लंघन गर्ने पक्षले क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था रहेको छ । मुलुकी देवानी संहिताको दफा ५४३ मा करार उल्लंघन नभएको भए निर्दोष पक्षले कति रकम लाभ प्राप्त गर्ने थियो भन्ने कुरा अदालतले बिचार गर्नुपर्ने कानूनी व्यवस्था छ । दावीभन्दा कम क्षतिपूर्ति भराएकोमा हाम्रो पक्षको पनि असहमति रहेको छ । सुरुले भराएको क्षतिपूर्तिलाई कायम राखी दावी बमोजिम नै क्षतिपूर्ति नभराएको हदमा मध्यस्थताको निर्णय बदर गरी दावी बमोजिम नै गरी पाउँ भनी गर्नुभएको बहस सुनियो ।

१०. यसमा मिति २०७२।०६।०५ मा भएको सम्झौता बमोजिम विपक्षी कम्पनीको रिचार्ज कार्ड खरिद गर्न नसकेमा ३ महिनाको अग्रिम सूचना दिई सम्झौता भंग गर्न सक्ने प्रावधान भएकोमा विपक्षीले बिना सूचना सम्झौता भंग गरेको, जस्ले गर्दा निवेदक कम्पनीलाई भएको हानी नोक्सानी वापत

रकम भराई सम्झौता बमोजिम तत्काल रिचार्ज कार्डहरू उपलब्ध गराई बिक्री वितरण गर्न पाउँ भन्ने निवेदन मागदावी र सम्झौता भंग गर्ने कार्य सम्झौता अनुसार नै गरिएको हुँदा दावी पुरनुपर्ने होइन भन्ने प्रतिउत्तर जिकिर भएको प्रस्तुत मुद्दामा मध्यस्थबाट मिति २०७७।१२।०२ मा भएको निर्णय मध्यस्थता ऐन, २०५५ को दफा दफा ३० विपरीत भएको हुँदा उक्त निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको दुवै पक्षको निवेदन जिकिर भएको प्रस्तुत मुद्दामा देहायका प्रश्नहरुमाथि केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो :

क) मध्यस्थताको अवधारणा के हो ? मध्यस्थबाट भएको निर्णय यस अदालतबाट के कुन अवस्थामा बदर हुने हो र यससम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेका एवम् सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएका छन् ?

ख) मध्यस्थताबाट भएको निर्णय मध्यस्थलाई सुम्पिएको शर्त विपरित वा क्षेत्राधिकारभन्दा बाहिर गई भएको छ वा छैन ?

ग) मध्यस्थताबाट भएको काम कारबाही पक्षहरुबीच सम्पन्न सम्झौता अनुरुप भएको छ वा छैन?

घ) मध्यस्थबाट भएको निर्णय सार्वजनिक हित वा नीति प्रतिकुल भएको छ वा छैन ?

ग) निवेदकहरुको निवेदन जिकिरबमोजिम मध्यस्थबाट भएको निर्णय बदर हुनुपर्ने हो वा होइन ?

११. पहिलो प्रश्न अर्थात **मध्यस्थताको अवधारणा के हो ? मध्यस्थताबाट भएको निर्णय यस अदालतबाट के कुन अवस्थामा बदर हुने हो र यससम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेका एवम् सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएका छन् ?** भन्ने तर्फ हेर्दा, मध्यस्थतासम्बन्धी व्यवस्था विवादको बैकल्पिक समाधानको माध्यमको रुपमा विकास भएको हो । खासगरी व्यापार वाणिज्य तथा अन्य आर्थिक कारोवार सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा भएका द्विपक्षीय वा बहुपक्षीय सम्झौता अन्तर्गतको कुनै विवादमा सम्पन्न सम्झौतामा उल्लेखित शर्तका अधिनमा रही शिघ्र, सरल,सहज तथा अन्तिम रुपमा विवादको समाधान गरिने वैकल्पिक उपाय (Alternative Disputes Resolution) को रुपमा मध्यस्थ सम्बन्धी अवधारणा आएको देखिन्छ । यस्ता विवादको सम्बन्धमा वाणिज्य व्यापार तथा आर्थिक कारोवारसंग सम्वन्धित व्यक्तिहरु अदालतको औपचारिक कार्यविधि सम्पन्न गर्न समय धेरै लाग्ने हुंदा आर्थिक कारोवारमा प्रतिकूल असर पर्ने अदालतको कार्यविधि पूरा गर्न झंझटिलो महसुस गर्ने तथा व्यापार तथा व्यापारीको शाखमा असर पर्ने समेतका समस्याहरुलाई संवोधन गरी शीघ्र निरुपण गर्नेसमेत अभिप्रायले विवाद निरुपणको वैकल्पिक पद्धतिको रुपमा मध्यस्थताको अवधारणाले मान्यता पाएको हो ।

१२. पक्षहरुले सम्झौता गर्दा नै त्यस्तो सम्झौताका सम्बन्धमा उपस्थित विवादका सम्बन्धमा मध्यस्थबाट निर्णय हुने भनी उल्लेख गरी नियमित अदालतको क्षेत्राधिकारबाट बाहेक राखिएको हुन्छ । सामान्यतया मध्यस्थले गरेको निर्णय उपर अदालतले हस्तक्षेप नगर्ने मान्यता राखिन्छ । तर कतिपय कानूनी प्रश्नमा मध्यस्थबाट त्रुटी भएमा भने पुनरावलोकन हुनुपर्छ भन्ने मान्यताका आधारमा मध्यस्थबाट भएका केही त्रुटीहरुका सम्बन्धमासम्म अदालतले मध्यस्थको निर्णय हेर्न र बदर गर्न सक्ने कानूनी व्यवस्था विधायिकाले गरेको हुन्छ। हाम्रो सन्दर्भमा मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (१) मा मध्यस्थको निर्णय उपर उच्च अदालतमा पैंतिस दिनभित्र निवेदन गर्नसक्ने

सिम्पल मिडिया प्रा.लि. विरूद्ध कामख्या डिजिटल केवल नेटवर्क प्रा.लि., मुद्दा : मध्यस्थको निर्णय बदर, ०७७-FJ-०१५९, ०७७-FJ-०१५६, नि.नं. ५३९ र ५४० को फैसला, पाना **१५** मध्येको पृष्ठ **६**

र उपदफा (२) मा त्यसरी निवेदन गर्ने पक्षले देहायको अवस्था प्रमाणित गरेमा मध्यस्थको निर्णय बदर गर्न वा पुनः निर्णय गराउन आदेश दिन सक्ने गरी यस अदालतलाई क्षेत्राधिकार प्रदान गरेको देखिन्छः

(क) सम्झौताका कुनै पक्ष सम्झौता गर्दाका बखत कुनै कारणले सम्झौता गर्न असक्षम रहेको वा पक्षहरु जुन मुलुकको कानूनको अधीनमा रहेका छन् सो कानून अनुसार वा त्यस्तो कानून स्पष्ट हुन नसकेकोमा नेपाल कानूनबमोजिम सो सम्झौता वैध नरहेको,

(ख) निवेदन गर्ने पक्षलाई मध्यस्थ नियुक्त गर्नका लागि वा मध्यस्थताको कारवाहीका सम्बन्धमा समयमा नै रीतपूर्वक सूचना नदिएको,

(ग) मध्यस्थलाई नसुम्पिएको विवादसँग सम्बन्धित विषयमा वा मध्यस्थलाई सुम्पिएको शर्त विपरीत वा मध्यस्थलाई सुम्पिएको क्षेत्रबाहिर गई निर्णय भएको,

(घ) नेपाल कानून प्रतिकूल सम्झौता भएकोमा बाहेक मध्यस्थताको गठन विधि वा त्यसको काम कारवाही पक्षहरुबीच सम्पन्न सम्झौता अनुरुप नभएको वा त्यस्तो सम्झौता नभएकोमा यस ऐन अनुसार नभएको।

यसैगरी सोही ऐनको उपदफा (३) मा देहायको अवस्थामा मध्यस्थको निर्णय बदर गर्न सक्ने भनी उल्लेख भएको छ :

(क) मध्यस्थले निर्णय गरेको विवाद नेपाल कानूनबमोजिम मध्यस्थद्वारा निरोपण हुन नसक्ने भएमा।

(ख) मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल हुने भएमा।

१३. मध्यस्थको निर्णय के कुन अवस्थामा अदालतबाट बदर हुने हो वा के कुन अवस्थामा अदालतबाट हस्तक्षेप गरिनुपर्ने हो भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरुमा व्याख्या भएको देखिन्छ । मध्यस्थता करारीय प्रकृतिका विशेष मुद्दाहरूमा नियमित अदालतभन्दा विषय विज्ञसहितको वैकल्पिक विवाद समाधानको उपाय हो । यसमा सामान्यतया मध्यस्थ ट्राईबुनलमा छनौट भएका सम्बन्धित विशेषज्ञको विशेषज्ञता, निष्पक्षता सँगै शीघ्र न्याय सम्पादनको परिकल्पना गरिएको हुन्छ । यही प्रयोजनको लागि मध्यस्थता ऐन, २०५५ को दफा ३० ले केही खास अवस्थामा मात्र मध्यस्थ ट्राईबुनलको निर्णय प्रमाणित आधारमा टेकेर पुनर्विचार गर्न सक्ने वा सम्बन्धित ट्राईबुनलमा पठाउन सक्ने परिकल्पना गरेको पाइन्छ । विशेषज्ञद्वारा छिटो न्याय निरूपण गर्न सकियोस् भन्ने उद्देश्यसहितको मूल भावना रहेको मध्यस्थता ऐन, २०५५ को दफा ३०(२) को व्यवस्थाले पुनरावेदन सुन्ने अदालतलाई मध्यस्थले गरेको निर्णय क्षेत्राधिकारको अभावमा असक्षम पक्षले गरेको करार, नेपाल कानून प्रतिकूल मध्यस्थताको गठन, पक्षहरूबिच सम्पन्न सम्झौताअनुरूप नभएको वा त्यस्तो सम्झौता नभएकोमा यस ऐनअनुसार नभएको भन्नेलगायतका विषयमा सीमित क्षेत्राधिकार प्रदान गरेको पाइन्छ । मध्यस्थबाट भएको निर्णयमा मध्यस्थता ऐन, २०५५ को दफा ३०(२) को विद्यमानता नरहेको अवस्थामा उक्त मध्यस्थको निर्णय बदर गरी पुनः निर्णय गर्न पठाउने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको

सिम्पल मिडिया प्रा.लि. विरूद्ध कामख्या डिजिटल केवल नेटवर्क प्रा.लि., मुद्दा : मध्यस्थको निर्णय बदर, ०७७-FJ-०१५९, ०७७-FJ-०१५६, नि.नं. ५३९ र ५४० को फैसला, पाना **१५** मध्येको पृष्ठ **७**

निर्णय कानूनसम्मत मान्न मिलेन ।[१] मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्ने विषयमा अदालतको सीमित दायराभित्र रहने गरी न्यूनतम हस्तक्षेपको अवधारणा रहेको देखिन्छ । कतिपय करारका विषयवस्तुले नै विशेष प्रकृतिको विशेषज्ञताको संलग्नताको अपेक्षा गर्दछ, चाहे त्यो करारको परिपालनाको लागि होस् वा करारबाट उत्पन्न विवादको निराकरण गर्न । आजको युगमा यस्ता विभिन्न जटिल प्रकृतिको करार हुने गरेको, त्यस्ता करारहरूको जटिलतालाई विचार गर्दा सामान्य कानूनी उपचारभन्दा आफूले स्वतन्त्ररूपमा निर्णय गर्न सक्ने एवं सम्बन्धित क्षेत्रमा विद्वता र अनुभव हासिल गरेको भनी विश्वास गरेका विज्ञहरूसमेतको माध्यमबाट विवादको समाधान गरी गराई निकास निकाल्ने उद्देश्यबाट वैकल्पिक उपचारको मार्गको रूपमा मध्यस्थता अपनाईँदै आएको छ । सैद्धान्तिक रूपमा नै मध्यस्थताबाट विवाद समाधान गर्नेसम्बन्धी विषयमा अदालतमा मुद्दा नचल्ने, अदालतलाई मध्यस्थको निर्णयलाई पुनरावेदन हेरे सुनेझैं प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने अधिकार नभई सीमित अवस्थामा सीमित दायरामा रही सुधारात्मक प्रकृतिको आदेश दिने अधिकार रहेको तथा प्रचलित मध्यस्थता ऐनले तोकेको पूर्वावस्थाको स्पष्ट विद्यमानता देखिएमा मात्र न्यायका मान्य सिद्धान्तहरू अवलम्बन गर्दै मध्यस्थको निर्णयमा सीमितरूपमा हस्तक्षेप गर्न सकिने।[२] विवादसँग सम्बन्धित तथ्य केलाउने र तथ्यगत रुपमा मध्यस्थको निर्णयको परीक्षण गर्ने अधिकार अदालतलाई हुँदैन । विवादको विषयसँग सम्बन्धित तथ्य केलाउने र उक्त तथ्यको विषयमा निर्णय गर्ने अन्तिम अधिकार मध्यस्थलाई नै हुन्छ । मध्यस्थ नै विवादमा सम्बद्ध तथ्य केलाउने र यसको बारेमा निर्णय गर्ने सबैभन्दा सक्षम निर्णयकर्ता (Last Judge) हो । खास गरी प्राविधिक प्रकृतिको कामसँग सम्बन्धित सम्झौता वा ठेक्कासँग सम्बन्धित विवाद निरोपण गर्दा प्राविधिक प्रकृतिको तथ्यहरू केलाउनु पर्ने । विवादको मूल विषयवस्तुको रुपमा रहेको सम्पन्न भएको कामको मूल्याङ्कन गर्ने कार्य र कति काम सम्पन्न भयो भन्ने कुरा यकीन गर्न विभिन्न तह र चरणमा हुने कामको नाप (Measurement) गर्नुपर्ने विषयमा अदालतभन्दा मध्यस्थ नै बढी विज्ञ हुने हुँदा मध्यस्थको निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था नगरी मध्यस्थको निर्णयमा गम्भीर कानूनी त्रुटि देखिएको आधारमा मात्र मध्यस्थको निर्णय बदर गराउन नियमित अदालतमा निवेदन लाग्ने[३] । मध्यस्थता ऐनले निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था नगरी मध्यस्थको निर्णय बदर हुने अवस्था उल्लेख गर्नुको साथै मध्यस्थको निर्णयमा चित्त नबुझ्ने पक्षले उक्त निर्णय बदर गराउन पुनरावेदन अदालतमा निवेदन गर्न पाउने व्यवस्था गरेको छ । यस्तो निवेदन परेपछि मध्यस्थको निर्णयमा कुनै कानूनी त्रुटि भएको अवस्थामा त्यस्तो निर्णय बदर गरी पुनः निर्णय गर्नु भन्ने आदेश अदालतले दिनसक्ने, यस्तो आदेश जारी गर्दा अवस्था हेरी अघि निर्णय गर्ने मध्यस्थ वा अरु मध्यस्थबाट निर्णय गराउने गरी अदालतले निवेदन सहित मिसिल पठाउन सक्ने व्यवस्था गरिएको छ । उक्त कानूनी व्यवस्थाअनुसार मध्यस्थको निर्णयमा उक्त ऐनको कानूनी व्यवस्थाको त्रुटि भएको देखिएमा सो निर्णय बदर गरी

---

[१] **नेपाल कानून पत्रिका, २०७७ अंक १० निर्णय नं. १०५८६**

[२] **नेपाल कानून पत्रिका, २०७७ अंक ३ निर्णय नं. १०४६१**

[३] **नेपाल कानून पत्रिका, २०६७ अंक १० निर्णय नं. ८४७९**

सिम्पल मिडिया प्रा.लि. विरूद्ध कामख्या डिजिटल केबल नेटवर्क प्रा.लि., मुद्दा : मध्यस्थको निर्णय बदर, ०७७-FJ-०१५९, ०७७-FJ-०१५६, नि.नं. ५३९ र ५४० को फैसला, पाना **१५** मध्येको पृष्ठ **८**

पुनरावेदन अदालत आफैले उक्त त्रुटि सच्याई सबूद प्रमाणको आधारमा निर्णय गर्नसक्ने पुनरावेदकीय अधिकारक्षेत्र पुनरावेदन अदालतलाई प्रदान नगरिएको ।[४] मध्यस्थद्वारा विवादको समाधान गर्नका लागि पक्षहरू सहमत भई विवाद मध्यस्थ समक्ष जान्छ भने त्यस्तो अवस्थामा अदालतले तथ्यगत प्रश्नमा प्रवेश गरेर विवादको निरोपण गर्न नहुने । पक्षहरूबीच भएको करारमा उल्लेखित शर्त भन्दा बाहिर गएर मध्यस्थले करारको व्याख्या गर्दछ भने त्यस्तो व्याख्या करार कानूनको परिधि भित्र रही भएको छ छैन भन्ने कानूनी प्रश्न उत्पन्न हुन्छ र यस्तो कानूनी प्रश्न समावेश भएको यस्तो विषय न्याय निरोपण योग्य (justifiable) हुने ।[५] मध्यस्थद्वारा विवाद समाधानको उपाय पक्षहरुको स्वेच्छाले अवलम्वन गरिने हुँदा कानूनद्वारा सुस्पष्टरुपमा तोकिएको सीमित आधारमा वाहेक यसरी भएको मध्यस्थको निर्णय तथ्यगत तथा कानूनी (Fact and Law) दुवै रुपमा अन्तिम हुने। मध्यस्थले गलत निर्णय गरेको अवस्थामा पनि सीमित आधारमा वाहेक अदालतलाई त्यस्तो गलत निर्णयको प्रतिस्थापन गर्ने निर्णय दिन सक्ने अधिकार प्रदान गरिएको नहुने।[६] भनी व्याख्या भएको छ ।

१४. उल्लिखत कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको सादृश्यतामा मध्यस्थको निर्णय यस अदालतले सबै अवस्थामा बदर गर्न नसक्ने र उल्लिखित केही सीमित अवस्थामामात्र बदर गर्न सक्ने हुन्छ । मूलत अपबादात्मक अवस्थामा बाहेक सामान्यतः मध्यस्थले गरेको निर्णय अन्तिम हुने मध्यस्थतासम्बन्धी दार्शनिक, विधिशास्त्रीय तथा सैद्धान्तिक मान्यता रहेको हुन्छ र विधिकर्ताले पनि यही मान्यतालाई आत्मसात गरी उल्लिखित कानूनी व्यवस्थाको तर्जुमा गरेको देखिन्छ । यसैले यो अन्य मुद्दामा गरिने पुनरावेदन प्रकृतिको विषय होइन । अदालतले विवादका तथ्यगत प्रश्नहरुमा केलाउने कार्य नगरी माथि उल्लिखित दफा ३० मा व्यवस्थित कानूनी व्यवस्थाका आधारमामात्र सीमित रहेर मध्यस्थताबाट भएको निर्णय हेर्न र परीक्षण गर्नुपर्ने हुन्छ । मध्यस्थको निर्णय बदर हुने उल्लिखित अवस्थाको विद्यमानता रहेको कुरा बदरका लागि निवेदन दिने पक्षले पुष्टि गर्नुपर्ने हुन्छ ।

१५. दोस्रो प्रश्न अर्थात **मध्यस्थताबाट भएको निर्णय मध्यस्थलाई सुम्पिएको शर्त विपरित वा क्षेत्राधिकारभन्दा बाहिर गई भएको छ वा छैन ? भन्ने तर्फ** हेर्दा सिम्पल मेडियाको तर्फबाट यस अदालतमा पर्न आएको मध्यस्थको निर्णय बदर गरी पाउँ भन्ने निवेदनमा सम्झौता रद्द गर्दा सम्झौताको दफा १० बमोजिमका व्यवस्था पालना भयो, भएन भन्ने कुरामा सीमित रही सम्झौताको अन्त्य गरेको विषयलाई निरोपण गर्नुपर्नेमा सम्झौताका शर्तको पालना गरी समझौता रद्द गरिएकोमा अरु कुनै प्रकृया पुरा गर्नुपर्ने थियो, थिएन वा सुधारको अवसर दिनुपर्ने थियो, थिएन भनी शर्त बाहिर गई मध्यस्थले हेर्न क्षेत्राधिकार नभएकोले मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (२) को खण्ड (ग) बमोजिमको आधार विद्यमान रहेको भनी जिकिर लिएकाले सो सन्दर्भमा हेर्दा,

---

[४] **नेपाल कानून पत्रिका, २०६७ अंक ६ निर्णय नं. ८३९७**

[५] **नेपाल कानून पत्रिका २०६४, अङ्क ११, निर्णय नं. ७९०५**

[६] **नेपाल कानून पत्रिका, २०५९ अङ्क ५/६, निर्णय नं.७०८९**

उल्लिखित खण्ड (ग) को कानूनी व्यवस्थामा *मध्यस्थलाई नसुम्पिएको बिवादसँग सम्बन्धित विषयमा वा मध्यस्थलाई सुम्पिएको शर्त विपरीत वा मध्यस्थलाई सुम्पिएको क्षेत्रबाहिर गई निर्णय भएको* भन्ने उल्लेख देखिन्छ । त्यसैले, मध्यस्थलाई निवेदकले जिकिर लिए अनुसार सम्झौता अन्त्यको विषयमा निर्णय दिने अधिकार रहे नरहेको हेर्नुपर्ने देखियो । सम्झौताको दफा १५ मा पक्षहरुबीच सम्झौताका विषयमा कुनै विवाद सृजना भएमा पक्षहरुले एकापसमा विवाद समाधान हुन नसकेकमा मध्यस्थबाट विवाद समाधान गरिने भनी उल्लेख भएको देखिन्छ । सिम्पल मिडिया नेटवर्कले सम्झौताको दफा १० का आधारमा सम्झौता अन्य गरेका कारण सम्झौताका पक्षहरुबीच विवादको सृजना भएको कुरामा विवाद छैन । विवाद उपस्थित भएपछि मध्यस्थताबाट विवादको समाधान गर्न यी निवेदक पक्ष पनि सहमत भई आफ्नो तर्फबाट समिर शर्मालाई मध्यस्थ नियुक्त गरेको अवस्था छ । यसरी मध्यस्थबाट विवाद समाधानका लागि सहमत भई मध्यस्थसमेत नियुक्त गरेको र त्यसमा कुनै चुनौती नदिई सबै प्रकृयाहरुमा सहभागी भएको देखिन्छ । सम्मानित सर्वोच्च अदालतबाट मध्यस्थको नियुक्तिलाई स्वीकार गरी मध्यस्थताको हेरेक प्रकृयामा सामेल भएको अवस्थामा अहिले आएर मध्यस्थको निर्णयलाई चुनौती दिन मिल्ने हुँदैन [७] भनी व्याख्या भएको छ। सम्झौताको दफा १५ ले मध्यस्थले प्रस्तुत विवाद हेर्ने क्षेत्राधिकार दिएको र निवेदकले जिकिर लिए बमोजिम सो दफामा यति हदमा मात्र हेर्ने भनी कुनै शर्त बन्देज रहे भएको अवस्था पनि नदेखिएकाले मध्यस्थलाई नसुम्पिएको बिवादसँग सम्बन्धित विषयमा वा मध्यस्थलाई सुम्पिएको शर्त विपरीत वा मध्यस्थलाई सुम्पिएको क्षेत्रबाहिर गई निर्णय भएको, भन्ने देखिन आएन ।

१६. तेस्रो प्रश्न अर्थात **मध्यस्थताबाट भएको काम कारबाही पक्षहरुबीच सम्पन्न सम्झौता अनुरुप भएको छ वा छैन?** भन्ने तर्फ हेर्दा मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (२) को खण्ड (घ) बमोजिमको आधार विद्यमान रहेको भनी सिम्पल मिडियाले जिकिर लिएकाले सो सन्दर्भमा हेर्दा, उल्लिखित खण्ड (घ) को कानूनी व्यवस्थामा *नेपाल कानून प्रतिकूल सम्झौता भएकोमा बाहेक मध्यस्थताको गठन विधि वा त्यसको काम कारवाही पक्षहरुबीच सम्पन्न सम्झौता अनुरुप नभएको वा त्यस्तो सम्झौता नभएकोमा यस ऐन अनुसार नभएको* भन्ने व्यवस्था रहेको छ । प्रस्तुत विवादमा विवादका पक्षहरुको सहमतिमा नै मध्यस्थताको गठन भएकोले मध्यस्थताको गठनमा कुनै विवाद देखिंदैन । मध्यस्थको काम कारवाही सम्झौता अनुरुप नभएको भन्ने निवेदन जिकिर रहे पनि, के कुन काम कारबाही सम्झौता विपरित रहेको भन्ने स्पष्ट रुपमा जिकिर रहेको निवेदनबाट देखिंदैन । जहाँसम्म मध्यस्थता ऐन, २०५५ को दफा २७ बमोजिम क्षतिपूर्ति के कुन आधारमा भराइएको हो निर्णय गर्दा नखुलाइएको भन्ने जिकिर छ, तत्सम्बन्धमा हेर्दा, सम्झौता हुँदाका अवस्थामा प्रचलनमा रहेको करार ऐन, २०५६ को दफा ८३ करार उल्लंघन भएमा त्यसको क्षतिपूर्ति पाउने कानूनी व्यवस्था रहेकोमा हाल प्रचलनमा रहेको मुलुकी देवानी संहिता, २०७४ को दफा ५३७ मा पनि सो व्यवस्था रहेको छ । सम्झौताको दफा १३ मा करार ऐन, २०५६ र प्रचलित नेपाल कानूनले सम्झौता नियमित (Governed) हुने व्यवस्था गरेको छ। करार ऐनका व्यवस्था आकर्षित हुने कुरामा पक्षहरुबीच विवाद रहेको पनि देखिंदैन । यस अवस्थामा क्षतिपूर्ति भराउने कानूनी व्यवस्था

---

[७] **नेपाल कानून पत्रिका, २०७८ अंक २/३ निर्णय नं. १०६४५**

सिम्पल मिडिया प्रा.लि. विरूद्ध कामख्या डिजिटल केबल नेटवर्क प्रा.लि., मुद्दा : मध्यस्थको निर्णय बदर, ०७७-FJ-०१५९, ०७७-FJ-०१५६, नि.नं. ५३९ र ५४० को फैसला, पाना **१५** मध्येको पृष्ठ **१०**

नरहेको भन्ने अवस्था देखिँदैन । मध्यस्ताबाट भएको निर्णयको प्रकरण १२ मा क्षतिपूर्ति भराएको आधार र कारण सम्बन्धमा विस्तृत रुपमा विश्लेषण गरिएको देखिन्छ । वेरितपूर्वक सम्झौताको मूल शर्त विपरित सम्झौता रद्द गरेकाले क्षतिपूर्तिको उपचार पाउने ठहर मध्यस्थताले गरेको देखिन्छ। यसरी सो प्रकरणमा मध्यस्थले निर्णयमा पुगेको आधार र कारणहरु विस्तृत रुपमा विश्लेषण गरेको देखिएको अवस्थामा निर्णयमा क्षतिपूर्तिको आधार र कारण नखुलाएको भन्ने देखिन आएन ।

१७. कामख्या केबल डिजिटलले मध्यस्थको निर्णय उपर यस अदालतमा दिएको निवेदन तर्फ हेर्दा, सम्बद्ध सबुद प्रमाणको मुल्यांकन नगरी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुलसमेत भई मध्यस्थता ऐन, २०५५ को दफा ३०(२) बमोजिम निर्णय त्रुटीपूर्ण भएको भनी निवेदनमा जिकिर लिएको भए पनि दफा ३०(२) बमोजिम के कुन आधारमा निर्णय त्रुटिपूर्ण भन्ने स्पष्ट रुपमा उल्लेख नगरी गोश्वारा रुपमा दफामात्र उल्लेख गरेको देखिन्छ । तर, निवेदनमा जिकिर लिए अनुरुप मध्यस्थ ट्राईबुनलबाट दफा ३०(२) को प्रतिकुल हुने गरी निर्णय गरेको भन्ने स्थापित र पुष्टि हुने गरी जिकिर लिन सकेको देखिँदैन । यस अवस्थामा निजले जिकिर लिए बमोजिम सो दफा ३० बमोजिमका आधारहरुको विद्यमानता रहे भएको देखिन आएन । जहाँसम्म कम क्षतिपूर्ति भराएको भन्ने जिकिर छ, मध्यस्थताबाट तथ्य र प्रमाणको मुल्यांकन तथा विश्लेषण गरी भएको निर्णयको तथ्यभित्र यस अदालत प्रवेश गरी हस्तक्षेप गर्न मिल्ने हुँदैन ।

१८. अब चौथो प्रश्न अर्थात **मध्यस्थबाट भएको निर्णय सार्वजनिक हित वा नीति प्रतिकुल भएको छ वा छैन** ? भन्ने तर्फ विचार गर्दा, मध्यस्थता ऐन, २०५५ को दफा ३०(३)(ख) मा *मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल हुने भएमा सो निर्णय बदर गर्न सकिने* कानूनी व्यवस्था रहेको छ । तर सो कानूनले सार्वजनिक नीतिको परिभाषा गरेको पाइदैंन । यसैले मध्यस्थताका सन्दर्भमा सार्वजनिक नीति भन्नाले के कस्तो कुरालाई जनाउँछ भन्ने कुरामा विश्लेषण गर्न सान्दर्भिक देखियो । सार्वजनिक नीतिलाई कानूनको नीति (Policy of Law) कै समरुपमा पनि लिने गरिन्छ । यद्दपी, सार्वजनिक नीति र कानून पर्यायवाची वा एउटै होइनन् । सार्वजनिक नीति कानूनभन्दा पनि व्यापक हुन्छ जसले कानून तर्जुमाका लागि पनि मार्गदर्शन गरेको हुन्छ र कानूनहरु पनि सार्वजनिक नीति प्रतिकुल हुनु हुँदैन । सार्वजनिक हित र नीतिले कुनै वैयक्तिक भन्दा पनि राज्य र आम जनसाधारणको हित चाहन्छ । सार्वजनिक नीति संविधानमा व्यवस्थित गरिएका मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, प्रचलित कानून, राज्यद्वारा अख्तियार गरिएका विभिन्न क्षेत्रगत नीतिहरु जस्ता कुराहरुमा प्रतिबिम्बित भएका हुन्छन् । यस्ता नीतिले बहुजन हितायको मान्यता राख्दछन् । यसरी नै सार्वजनिक हितमा वैयक्तिक भन्दा पनि जनसमुदायको सामूहिक हित अन्तरनिहित रहने मानिन्छ । मूलतः सार्वजनिक हितमा मुलुक र बृहत्तर नागरिकको हित, न्याय र नैतिकता जस्ता विषयहरु सन्निहित हुन्छन् ।

१९. मध्यस्थताका सन्दर्भमा सार्वजनिक नीतिको बृहत्त अवधारणामा मध्यस्थताबाट निर्णय गर्दा व्यापक रुपमा अनियमितता भएको तथा मध्यस्थको आचरणको गम्भीर उल्लंघन भएको छ र त्यसले निवेदकलाई चरम अन्याय भएको छ भने त्यस अवस्थामा मध्यस्थताको निर्णय सार्वजनिक नीतिको परिधिभित्र परी अदालतबाट हस्तक्षेप गर्ने आधार बन्ने र मध्यस्थताको निर्णय अदालतले सच्याउन

सिम्पल मिडिया प्रा.लि. विरूद्ध कामख्या डिजिटल केबल नेटवर्क प्रा.लि., मुद्दा : मध्यस्थको निर्णय बदर, ०७७-FJ-०१५९, ०७७-FJ-०१५६, नि.नं. ५३९ र ५४० को फैसला, पाना **१५** मध्येको पृष्ठ **११**

सकिने मानिन्छ ।[८] मध्यस्थताको सन्दर्भमा सार्वजनिक नीतिमा प्राकृतिक न्यायको सिद्धान्त, स्वच्छ सुनुवाईका मान्यता र कानूनको उचित प्रकृयाको पालना जस्ता कार्यविधिगत सार्वजनिक नीति पनि महत्वपूर्ण मानिन्छ । भारतको The Arbitration and Conciliation Act, 1996 को दफा ३४(२) मा रहेको सार्वजनिक नीतिको सोही दफामा व्याख्या (Explanation) पनि गरिएको छ । जस अनुसार मध्यस्थको निर्णय धोखाघडी वा भ्रष्टाचार (fraud or corruption) गरी भएको वा सो ऐनको दफा ७५[९] र ८१[१०] को उल्लंघन भएको वा भारतको कानूनको मूलभूत नीति प्रतिकुल वा न्याय र नैतिकताको आधारभूत मान्यता प्रतिकुल भएको जस्ता कुराहरुलाई सार्वजनिक नीति प्रतिकुल हुने मानिएको छ । साथै भारतको कानूनको मूलभूत नीतिको प्रतिकुल भएको भन्ने आधारमा विवादको तथ्यभित्र प्रवेश भने नगरिने पनि स्पष्ट पारिएको देखिन्छ ।[११] भारतको सर्वोच्च अदालतबाट सार्वजनिक नीतिका बारेमा विभिन्न मुद्दामा व्याख्याहरु भएका छन् । **Renusagar Power Co. Ltd vs General Electric Co on 7 October, 1993 को मुद्दामा** [१२] विदेशी ट्राईबुनलबाट भएका निर्णयको

[8] http://www.legalservicesindia.com/article/1224/Public-Policy-under-Arbitration-Law.html in its broader view, courts of law may intervene permitting recourse against an arbitral award based on irregularity of a kind which the court considers has caused or will cause substantial injustice to the applicant. Extreme cases where arbitral tribunal has gone so wrong in its conduct of arbitration that justice calls out for it to be corrected may justifiably fall within the ambit of the doctrine of 'Public Policy of India" to enable

[9] Notwithstanding anything contained in any other law for the time being in force, the conciliator and the parties shall keep confidential all matters relating to the conciliation proceedings. Confidentiality shall extend also to the settlement agreement, except where its disclosure is necessary for purposes of implementation and enforcement.

[10] The parties shall not rely on or introduce as evidence in arbitral or judicial proceedings, whether or not such proceedings relate to the dispute that is the subject of the conciliation proceedings,

(a) views expressed or suggestions made by the other party in respect of a possible settlement of the dispute;

(b) admissions made by the other party in the course of the conciliation proceedings;

(c) proposals made by the conciliator;

(d) the fact that the other party had indicated his willingness to accept a proposal for settlement made by the conciliator.

[11] https://www.latestlaws.com/bare-acts/central-acts-rules/alternative-dispute-resolution-laws/arbitration-and-conciliation-act-1996/ *[Explanation 1.* - For the avoidance of any doubt, it is clarified that an award is in conflict with the public policy of India, only if,-

(i) the making of the award was induced or affected by fraud or corruption or was in violation of section 75 or section 81; or

(ii) it is in contravention with the fundamental policy of Indian law; or

(iii) it is in conflict with the most basic notions of morality or justice.

Explanation 2. - For the avoidance of doubt, the test as to whether there is a contravention with the fundamental policy of Indian law shall not entail a review on the merits of the dispute.]

[12] https://indiankanoon.org/doc/86594/ "public policy" in Section 7(1)(b)(ii) has been used in a narrower sense and in order to attract to bar of public policy the enforcement of the award must invoke something more than the violation of the law of India. Since the Foreign Awards Act is concerned with recognition and enforcement of foreign awards which are governed by the principles of private international law, the expression "public policy" in Section 7(1)(b)(ii) of the Foreign Awards Act must necessarily be construed in the sense the doctrine of public

सिम्पल मिडिया प्रा.लि. विरूद्ध कामख्या डिजिटल केबल नेटवर्क प्रा.लि., मुद्दा : मध्यस्थको निर्णय बदर, ०७७-FJ-०१५९, ०७७-FJ-०१५६, नि.नं. ५३९ र ५४० को फैसला, पाना **१५** मध्येको पृष्ठ **१२**

कार्यान्वयनको कुराका सन्दर्भमा सार्वजनिक नीति कानूनको सामान्य उल्लंघनभन्दा अरु बढी कुराबाट हेरिन्छ भन्दै विदेशी ट्राईबुनलबाट भएका निर्णय भारतको कानूनको आधारभूत नीति, भारतको हित र न्याय वा नैतिकता प्रतिकुल कुरालाई सार्वजनिक नीतिको प्रतिकुल मानी यस्ता निर्णय कार्यान्वयनमा इन्कार गर्न सकिने व्याख्या भएको देखिन्छ । **Oil & Natural Gas Corpn.Ltd vs Western Geco International Ltd on 4 September, 2014 को मुद्दामा** [१३] पनि यस अघि सार्वजनिक नीतिको रुपमा ब्याख्या भएका भारतको कानूनको आधारभूत नीति, भारतको हित र न्याय वा नैतिकताका अतिरिक्त निर्णय स्पष्ट रुपमा गैर कानूनी भएमा (if it is patently illegal) पनि सार्वजनिक नीति प्रतिकुल हुने ब्याख्या भएको छ । साथै भारतको कानूनका आधारभूत नीतिका सन्दर्भमा ब्याख्या गर्दै यसमा तीनवटा आधारभूत न्यायिक सिद्धान्त (fundamental juristic principles) लाई अभिन्न रुपमा (part and parcel) बुझ्नुपर्छ भनिएको छ । यस्ता आधारभूत न्यायिक सिद्धान्तमा पहिले निर्णय गर्दा न्यायिक मनको प्रयोग गर्नुपर्ने[१४] दोस्रो प्राकृतिक न्यायको सिद्धान्तको अबलम्बन[१५] र तेस्रोमा एक समझदार स्वतन्त्र मानिसको दृष्टिमा निर्णय अस्वीकार्य वा अनुचित छ भन्ने देखिनु हुँदैन[१६] भनी बोलिएको छ ।

२०. माथिल्ला प्रकरणमा उल्लेख गरिएका कुराहरुसमेतको सापेक्षतामा हेर्दा मध्यस्थताका सन्दर्भमा सारवान सार्वजनिक नीति (Substantive public policy) र कार्यविधिगत सार्वजनिक नीतिका (Procedural public policy) आधारमा अदालतले मध्यस्थताको निर्णय सीमित अवस्थामा परीक्षण गर्नुपर्ने हुन सक्छ । सारवान सार्वजनिक नीतिमा निर्णयको विषयबस्तुले राज्यका आधारभूत कानून र सिद्धान्तको उल्लंघन गरेको छ छैन जस्ता कुरा हेरिन्छ । कार्यविधिगत सार्वजनिक नीतिमा कानूनको उचित पालना (due process) सुनुवाईको अधिकारको पालना (the right to be heard) , मध्यस्थताको स्वतन्त्रता (independence of arbitrators) र मध्यस्थको कारबाहीमा धोखाघडी र भ्रष्टाचारजन्य कार्य नभएको, (the absence of procedural fraud or corruption in the arbitral process)

---

policy is applied in the field of private international law. Applying the said criteria it must be held that the enforcement of a foreign award would be refused on the ground that it is contrary to public policy if such enforcement would be contrary to (i) fundamental policy of Indian law; or (ii) the interests of India; or (iii) justice or morality.

[13] https://indiankanoon.org/doc/136518863/

[14] The first and foremost is the principle that in every determination whether by a Court or other authority that affects the rights of a citizen or leads to any civil consequences, the Court or authority concerned is bound to adopt what is in legal parlance called a 'judicial approach' in the matter. Court, Tribunal or the authority exercising powers that affect the rights or obligations of the parties before them shows fidelity to judicial approach, they cannot act in an arbitrary, capricious or whimsical manner. Judicial approach ensures that the authority acts bonafide and deals with the subject in a fair, reasonable and objective manner and that its decision is not actuated by any extraneous consideration.

[15] Equally important and indeed fundamental to the policy of Indian law is the principle that a Court and so also a quasi-judicial authority must, while determining the rights and obligations of parties before it, do so in accordance with the principles of natural justice.

[16] No less important is the principle now recognized as a salutary juristic fundamental in administrative law that a decision which is perverse or so irrational that no reasonable person would have arrived at the same will not be sustained in a Court of law.

लगायतका कार्यविधिगत नियमका आधारभूत कुराहरुको उल्लंघन भए नभएको हेरिन्छ । यसरी मध्यस्थले निर्णय गर्दा अनिवार्य रुपमा पालना गर्नुपर्ने सारवान सार्वजनिक नीति प्रतिकुल वा प्राकृतिक न्यायका सिद्धान्त लगायत न्यायका मान्य सिद्धान्तको पालना नगरेको वा कानूनको उचित प्रयोग तथा स्वच्छ सुनुवाईका मान्यताको उल्लंघन गरेको वा भ्रष्टाचारजन्य कार्य वा मध्यस्थको आचरण प्रतिकुल वा अन्य यस्तै अनियमितताजन्य कार्य वा न्याय र नैतिकता प्रतिकुल हुने गरी भएका कार्यहरु सार्वजनिक हित र नीति विरुद्धको परिधिभित्र पर्न सक्छन् । यस्ता अवस्थाको विद्यमानताको सीमित अवस्थामा सार्वजनिक हित र नीति विरुद्ध निर्णय भएको भन्ने आधारमा यस अदालतबाट मध्यस्थताको निर्णयमा हस्तक्षेप गर्नुपर्ने अवस्था हुनसक्छ । तर, सार्वजनिक नीति वा हित विरुद्ध रहेको भन्ने आधार र कारण स्पष्ट रुपमा सो जिकिर लिने निवेदकले पुष्टि र स्थापित गराउनुपर्ने हुन्छ । प्रस्तुत निवेदनमा निवेदक सिम्पल मिडिया नेटवर्कले मध्यस्थबाट भएको निर्णय सार्वजनिक नीति र हित प्रतिकुल भन्ने जिकिर लिएको देखिन्छ। तर, के कस्तो सार्वजनिक नीति र हित प्रतिकुल निर्णय भएको भन्ने स्पष्ट रुपमा खुलाउन सकेको तथा प्रमाणित गर्न सकेको देखिँदैन । केबल सार्वजिनक हित वा नीति प्रतिकुल भनी निवेदन जिकिर लिँदैमा सार्वजनिक हित वा नीति प्रतिकुल रहेछ भन्न मिल्ने हुँदैन। मध्यस्थबाट भएको निर्णय के कसरी सार्वजनिक हित वा नीति प्रतिकुल भयो वा के कसरी सार्वजनिक हितमा असर परेको छ भन्ने कुरा वस्तुगत रुपमा पुष्टी गराउनु पर्दछ । प्रस्तुत निवेदनमा सारवान र कार्यविधिगत दुवै सार्वजनिक नीति प्रतिकुल रहेको पुष्टि हुन आएको छैन। तसर्थ निवेदन जिकिर अनुसार यस अदालतबाट मध्यस्थको निर्णय बदर गर्नुपर्ने मध्यस्थता ऐन, २०५५ को दफा ३०(३)(ख) बमोजिमको आधार प्रस्तुत मुद्दामा विद्यमानता रहे भएको देखिन आएन ।

२१. अन्तिम प्रश्न अर्थात **निवेदकहरुको निवेदन जिकिरबमोजिम मध्यस्थता ट्राईबुनलबाट भएको निर्णय बदर हुनुपर्ने हो वा होइन ?** भन्ने तर्फ हेर्दा, माथिल्ला प्रकरणमा विश्लेषण गरिए अनुसार पक्षहरु बीच भएको सम्झौताको वैधानिकताका सम्बन्धमा विवाद उत्पन्न भएको अवस्था छैन । दुबै पक्षले विद्यमान कानून एवम् सम्झौतामा उल्लिखित मध्यस्थता नियुक्तिसम्बन्धी शर्त अनुरुप मध्यस्थ नियुक्ति गरी आफ्ना विवादित विषयमा निर्णय गर्नका लागि मध्यस्थ ट्राईबुनललाई अधिकार प्रदान गरेको र दुवै पक्ष त्यसका सबै प्रकृयाहरुमा सहभागी रहेको देखिएको छ । मध्यस्थ ट्राईबुनलबाट पक्षहरुबीच भएको करार विपरित निर्णय गरेको पनि देखिँदैन । पक्षले आफूलाई दिएको अधिकार प्रयोग गर्ने क्रममा करारका कुनै शर्त विपरीत वा आफूलाई अधिकार नदिएको विषयमा मध्यस्थले निर्णय गरेको पनि देखिँदैन । सिम्पल मिडियाले क्षेत्राधिकार बाहिर गई निर्णय गरेको भन्ने जिकिर लिएपनि सो कुरा प्रमाणित हुने विश्वसनीय प्रमाण पेश भएको देखिँदैन । साथै, विवादको विषयमा निवेदकहरुले मध्यस्थ नियुक्तिसमेत गरी सबै प्रकृयामा सहभागी भएको अवस्थामा अहिले आएर सो निर्णय गर्ने अधिकार मध्यस्थलाई थिएन वा क्षेत्राधिकार नभएको भनी लिएको जिकिरसँग यो इजलास सहमत हुन सक्ने अवस्था रहेन । यसका अतिरिक्त प्रस्तुत विवादमा मध्यस्थबाट भएको निर्णय निवेदकले निवेदनमा जिकिर लिए अनुसार सार्वजनिक हित वा नीति प्रतिकूल भएको भन्ने पनि पुष्टि हुन सकेको छैन । यसैले मध्यस्थ ट्राईबुनलले गरेको निर्णयमा मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (२) र (३) बमोजिमको कुनै पनि अवस्था विद्यमान रहेको देखिन नआएको र तथ्यगत प्रश्नमा प्रवेश गर्ने अधिकार कानूनले अदालतलाई प्रदान नगरेको हुँदा मध्यस्थबाट मिति

२०७७।१२।०२ मा भएको निर्णय बदर गरी पाउँ भन्ने दुवै पक्षको निवेदन जिकिर एवम् दुवै निवेदक तर्फबाट बहस गर्नु हुने विद्वान अधिवक्ताहरुको मध्यस्थको निर्णय बदर गरी पाउँ भन्ने हदको बहससँग सहमत हुन सकिएन ।

२२. तसर्थ, माथिल्ला प्रकरण प्रकरणमा विवेचना गरिएका आधार, कारण, कानूनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा मध्यस्थ ट्राईबुनलबाट मिति २०७७।१२।०२ मा भएको निर्णय बदर गरी पाउँ भन्ने कामाख्या डिजिटल केबल नेटवर्क प्रा.लि. र सिम्पल मिडिया नेटवर्क प्रा.लि. दुवै पक्षको निवेदन दावी पुग्न नसक्ने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

तपसिल खण्ड

१. सरोकारवाला पक्षले प्रस्तुत फैसलाको नक्कल माग गरे उच्च अदालत नियमावली, २०७३ को नियम १२० को प्रकृया पुऱ्याई नक्कल दिनू।
२. मुलुकी देवानी कार्याविधि संहिता, २०७४ को दफा १९८(३) बमोजिम प्रस्तुत मुद्दाको फैसला प्रमाणीकरण भएको विवरण यस अदालतको सूचना पाटीमा टाँस गरी वेबसाइटमा समेत राख्नू।
३. प्रस्तुत फैसलाको विद्युतीयप्रति अपलोड गरी मुद्दाको दायरी लगत कट्टा गर्नु र यस अदालतको मिसिल अभिलेख शाखामा बुझाई मध्यस्थताबाट निर्णय भएको मिसिल मध्यस्थता परिषदमा पठाइदिनू ।

(महेश शर्मा पौडेल)
न्यायाधीश

उक्त रायमा सहमत छु ।

(धीरबहादुर चन्द)
न्यायाधीश

फैसला तयार गर्न सहयोग पुऱ्याउने
इजलास अधिकृतः निशा न्यौपाने
ईति सम्वत् २०७९ साल आषाढ ७ गते रोज ३ शुभम् .....।

प्रमाणीकरण मितिः- न्यायाधीश अदालतको छाप

Note:

NEPCA Staff

Mr. Rajeev Pradhan
Director

Mr. Bipin Paudel
Manager

Mr. Purnadhoj Karki
Asst. Account Officer

Mr. Baburam Tamang
Receptionist

Mrs. Sabita Khadka
Office Assistant



Nepal Council of Arbitration (NEPCA)
P.O.BOX. 6115, Nepal Bar Council Building, 4th Floor
Kupondol, Lalitpur, Nepal
Tel. No. 977-01-5430894, 5432101
Email: nepca@outlook.com, Web: www.nepca.org.np